# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनार्थ रहेको छ ।

## १.३ विषय परिचय

रमेश विकल (रामेश्वरप्रसाद चालिसे) नेपाली साहित्यका विशिष्ट साधक हुन् । आख्यान, निबन्ध, यात्रासंस्मरण,नाटक, आदि साहित्यका अधिकांश विधामा कलम चलाउने विकलको सृजनाको मूलक्षेत्र भने आख्यान नै हो । २००६ सालमा शारदा पत्रिकामा 'गरीब' कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका विकल आलोचनात्मक यथार्थवादी कथाकारका रूपमा स्थापित छन् । साहित्य सृजनाको उत्तरार्ध समयमा आइसकेपछि उपन्यास लेखनमा प्रवृत्त भएका विकलका *सुनौली (२०३१), अबिरल बग्दछ इन्द्रावती (२०४०) विक्रम र नौलो ग्रह (२०४७)* र *सागर उर्लन्छ सगरमाथा छुन* (२०५२) गरी चार उपन्यास प्रकाशित छन् ।

सागर उर्लन्छ सगरमाथा छुन विकलको आलोचनात्मक यथार्थवादी उपन्यास हो । यसमा नेपालको पञ्चायती शासकहरू र भ्रष्ट अभिजातहरूका जनघाती कुकृत्यहरूको साथै तिनले निम्त्याएको देशको दर्दनाक तथा दुःखद स्थितिको विद्वेषपूर्ण एवं विरोधात्मक टिप्पणी गरिएको छ । पात्र, परिवेश तथा भाषाशैलीका नवीनताले गर्दा उपन्यास सजीव र जीवन्त बन्न गएको छ ।

यही उपन्यास सागर उर्लन्छ सगरमाथा छुन को कृतिपरक अध्ययन तथा विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका प्रसिद्ध उपन्यासकार रमेश विकलको सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक अध्ययन गर्नु यस शोधपत्रको प्रमुख समस्याकथन रहेको छ भने यसै प्रमुख समस्यासँग सम्बन्धित भई निम्नलिखित समस्याहरू यस शोधकार्यमा आउनेछन् :-

क. रमेश विकलको सामान्य जीवनी, व्यक्तित्व र कृतित्व के कस्तो रहेको छ ?

ख. उपन्यास विश्लेषणका सैद्धान्तिक आधार के कस्ता हुन सक्छन् ?

ग. उपन्यास सिद्धान्तका आधारमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको अध्ययन तथा विश्लेषण के कसरी गर्न सकिन्छ ?

घ. सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक अध्ययन गर्न रहेको छ भने यही मूल उद्देश्यसग सम्बन्धित भई निम्नलिखित उद्देश्यहरू यस शोधपत्रमा रहेका छन्:-

क. रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त अध्ययन गर्ने ।

ख. उपन्यास विश्लेषणका सैद्धान्तिक आधार उल्लेख गर्ने ।

ग. उपन्यास सिद्धान्तका आधारमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको अध्ययन र विश्लेषण गर्ने ।

घ. सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको मूल्याङ्कन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

रमेश विकलद्धारा लिखित

उपन्यास नेपाली साहित्यमा छुट्टै विशेषता बोकेको उपन्यास हो । यसको बारेमा न्यून मात्रामा चर्चा परिचर्चा तथा टीका टिप्पणी नेपाली समालोचक तथा लेखकहरूले गरेका छन् । तिनै टिप्पणी तथा सूचनाहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :-

राजेन्द्र सुवेदीले *नेपाली उपन्यास परम्परा र प्रवृत्ति, (२०५३)* नामक पुस्तकमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासले इतिहासको लामो समयदेखि वर्तमानसम्म पूँजीवादी विकृत परम्पराको मूल्य कायम रहेको देखाउदै २०३६ देखि २०४७ सालसम्मको पर्यायवरणलाई वस्तु बनाएर नेपालको पञ्चायती व्यवस्थाका नियन्ता र कार्यकर्ताको दुष्कृत्यलाई आलोचनात्मक रूपले प्रतिपादन गरेको छ भनेका छन् । ( पृ.१६३-१६४)

दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको संक्षिप्त इतिहास (पाँचौं सं.२०५६) मा सं. २०५० को दशकका पूर्वार्ध र उत्तरार्धमा राष्ट्रिय अन्तराष्ट्रिय परिवेशमा आधारित नयाँ मूल्य प्रणालीका नेपाली उपन्यासमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको नामोल्लेख गरेका छन् । पृ. ११२–११३

यसरी हेर्दा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको खास अध्ययन र विश्लेषण भएकै छैन । सामान्य परिचय मात्रैलाई पूर्वाध्ययनले सङ्केत गर्छ । यी अध्ययनले सागर उर्लन्छ सगरमाथा छुन उपन्यासका सम्बन्धमा पूर्ण जानकारी दिन

नसक्ने भएकोले यस शोधपत्र मार्फत् उक्त उपन्यासका सम्बन्धमा यथेष्ट जानकारी दिने प्रयास गरिएको छ ।

## १.७ अध्ययनको औचित्य, महङ्खव र उपयोगिता

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको वारेमा सामान्य चर्चा मात्रै भएको अर्थात् विस्तृत,व्यापक तथा एकत्रित अध्ययनको अभाव रहेकोले प्रस्तुत शोधपत्र लेखनको औचित्य महत्वपूर्ण रहेकोछ । यस उपन्यासका विषयमा जान्न चाहने जिज्ञासु पाठकहरू लाभान्वित हुने हुँदा यो विश्लेषणात्मक शोधपत्रको महत्व र उपयोगिता हुनेछ ।

## १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र रमेश विकलको संक्षिप्त परिचय र उनको सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण तथा मूल्याङ्कनमा सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार पार्दा सामग्री सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन र विषय विशेषज्ञहरूसँग सम्पर्क गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रमा विश्लेषणात्मक शोधविधि प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

शोधपत्रको परिच्छेद विभाजन र मुख्य शीर्षक यस प्रकार रहेका छन् :-

१. पहिलो परिच्छेदः शोधपरिचय

२. दोस्रो परिच्छेद : रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्व

३.	तेस्रो परिच्छेदः उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू

४.	चौथो परिच्छेदः उपन्यास सिद्धान्तका आधारमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको विश्लेषण तथा मूल्याङ्कन

५.	पाँचौं परिच्छेदः उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# रमेश विकलको जीवनी, व्यक्तित्व तथा कृतित्वको सामान्य परिचय

## २.१. जीवनी

### २.१.१. जन्म तथा पारिवारिक जीवन

रामेश्वर चालिसे (साहित्यिक नाम रमेश विकल) को जन्म वि.सं. १९८५ साल कार्तिक २९ गते भाइटीकाको दिन काठमाडौंको आरुबारी भन्ने ठाउँमा भएको थियो ।[१] उनका पिताको नाम चन्द्रशेखर उपाध्याय चालिसे र माताको नाम छायादेवी चालिसे हो ।[२] उनका अरु २ सौतेनी आमाहरू पनि थिए ।[३] डेढ वर्षको उमेरमै आमाको देहावसान भएकोले उनको पालनपोषण आफ्नै बज्यैबाट भएको थियो ।[४] केही समयमा नै बज्यैको पनि मृत्यु भएकोले बाजेले उनको स्याहारसुसार गरेका हुन् ।[५] विकल बालक कालमै एकपछि अर्को मर्मान्तक पीडा खप्न बाध्य हुन्छन । उनका बाजेको पनि मृत्यु भएपछि उनको लालन-पालन उनकै जेठी आमा (सौतेनी आमा जसका सन्तान थिएनन्) बाट भएको थियो ।[६]

रमेश विकलको विवाह १२ वर्षकै उमेरमा काभ्रेपलाञ्चोकको सुशीला नेपालसँग भएको थियो ।[७] बाल्यावस्थामा भएका आफन्तजनका मृत्यु र कलिलो अवस्थामा नै गरिएको विहे दुवैले उनलाई अत्यन्त दुखित बनाएको थियो भन्ने उनी स्वयंको आत्मस्वीरोक्ति छ ।

---

[१] रमेश विकलबाट प्राप्त जानकारी ।

[२] ऐजन् ।

[३] मोहन प्रसाद तिमल्सिना, रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना, अप्रकाशित शोधपत्र (नेपाली विभाग, (२०३५/३६), पृ.१ ।

[४] विकलबाट प्राप्त जानकारी

[५] ऐजन् ।

[६] ऐजन् ।

[७] ऐजन् ।

विकल २१ वर्षको हुँदा पिता र २२ वर्षको हुँदा जेठी आमाको मृत्युले उनको जीवनमा ठूलो बज्रपात पऱ्यो ।[८] उनका पिता जागिरे भएकाले पिता मरेपछि आजीविकाको निम्ति उनीमाथि उत्तरदायित्व आयो ।[९] रमेश विकलका जम्मा ७ छोरी र ३ छोरा गरी १० सन्तान जन्मेका थिए । हाल भने ४ जनाको मृत्यु भई ४ छोरी र २ छोरा छन् । उनकी पत्नीको पनि २०५६ मा मृत्यु भएको थियो ।[१०]

### २.१.२ शिक्षा-दीक्षा

रमेश विकलका बाजे पं.घनानाथ उपाध्याय संस्कृतका पण्डित भएकोले यसको प्रत्यक्ष प्रभाव उनमा परेको थियो ।[११] उनको औपचारिक शिक्षा अध्ययनको अवधि जम्मा  डेढ वर्षको छ ।[१२] जागिरे पिताको साथमा विराटनगर गएर जम्मा १ वर्ष र दार्चुला गएर ४ महिना मात्र प्राइमरी स्कुलमा भर्ना भई उनले पढेका हुन् ।[१३] औपचारिक शिक्षाको सिलसिला भङ्ग भए पनि उनले स्वाध्ययनबाट २००५ मा निजामती सेवा परीक्षा (एघार पास) द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् ।[१४]विकलले घरमा नै अध्ययन गरेर २०११ सालमा एस.एल.सी. परीक्षा पास गरे ।[१५] यसपछि २०१६ मा ४ वर्षे वि.एड. (शिक्षाशास्त्र) को अध्ययन पूरा गरी स्नातक तहसम्मको

---

[८] ऐजन् ।

[९] ऐजन् ।

[१०] ऐजन् ।

[११] रामप्रसाद भट्टराई, उपन्यासकार रमेश विकल र उनका उपन्यास, अप्रकाशित शोधपत्र (नेपाली विभाग, २०४९) पृ.८ ।

[१२] विकलबाट प्राप्त जानकारी

[१३] ऐजन् ।

[१४] ऐजन् ।

[१५] रामप्रसाद भट्टराई, पूर्ववत्, पृ.१० ।

शिक्षा हासिल गरेका छन् ।[१६] जागिरे जीवनमा प्रवेश गरिसकेपछि अनुसन्धान केन्द्रले १८ महिने सम्पादकीय अध्ययनार्थ अमेरिका पठाएको थियो ।[१७]

### २.१.३ जागिरे जीवन

रमेश विकल २१ वर्षको हुँदा पिताको मृत्यु भएकोले उनीमाथि पारिवारिक उत्तरदायित्व पर्न गयो ।[१८] उनले २०१८ सालमा प्रचारविभागमा नायक सुब्बाको जागिर खाएका हुन् ।[१९] यहाँ उनले विविध कारणवश २०२० सालमै जागिर छाडेर नेपाल लेखक संघको कार्यालयमा सचिवको पद सम्हालेका थिए ।[२०] जता जागिर गरेपनि आर्थिक गर्जो टर्नु बाहेक अरु उपलब्धि हुन नसकेर जागिरको क्रममा निकै नै भौतारिनुपरेको विकलको आत्मस्वीकारोक्ति छ । २०२१ सालमा शिक्षा सामग्री अनुसन्धानमा शाखा अधिकृतिको जागिरे भएका विकल २०३४ सालमा परीक्षा नियन्त्रण कार्यालयमा (हाइस्कुलको मात्र) सरूवा भएका थिए ।[२१] जागिरकै सिलसिलामा २०४५ सालदेखि २०५१ सम्म त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षण विभागमा उप–प्राध्यापक भए ।[२२] त्यसपछि २०५१ देखि २०५६ सालसम्म राजकीय प्रज्ञा प्रतिष्ठानमा सदस्य पदमा रही काम गरेका थिए ।[२३] हाल भने विकल घरमा नै बृद्ध जीवन व्यतित गरिरहेका छन् ।

---

[१६] ऐजन्, पृ.१० ।

[१७] रमेश विकलबाट प्राप्त जानकारी ।

[१८] ऐजन् ।

[१९] ऐजन् ।

[२०] ऐजन् ।

[२१] ऐजन् ।

[२२] ऐजन् ।

[२३] ऐजन् ।

### २.१.४. प्रेरणा, पुरस्कार र सम्मान

साहित्य सृजनामा खास कुनै व्यक्तिभन्दा पनि बाल्यकालदेखि नै सहन परेका आफन्तहरूका मृत्युको पीडाले उनलाई अप्रत्यक्षतः प्रेरित गरेको विकलको आत्मस्वीकारोक्ति छ । यस क्रममा आपनो भानिजदाइ श्यामप्रसाद शर्मालाई सम्झन्छन्, जसको सम्पर्कले आफू साहित्यमा प्रवेश गरेका हुन् ।[२४] उनको पहिलो प्रकाशित साहित्यिक रचना 'गरिब' कथा (शारदा, वर्ष १२, अङ्क १५, २००६) हो ।[द्छ]

विकलले २०१८ सालमा नयाँ सडकको गीत (२०१९) कथासङ्ग्रहका लागि पाण्डुलिपिमा नै मदन पुरस्कार पाएका हुन् ।[२६] त्यस्तै २०३८ मा रु.२५,००० को महेन्द्र पुरस्कार प्राप्त गरेका थिए ।[२७] मान सम्मानको लागि लेख्ने नगरेकोले विकल स्वयंलाई सम्मानको तिथिमिति थाहा नभएको बताउ"छन् । सम्झेअनुसार २०६१ सालमा सिक्किमका मुख्य मन्त्री पवन चामलिङले सम्मान गरेका थिए ।[२८] २०६२ मा विशिष्ट आख्यानकारका रूपमा रमेश विकललाई त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग अन्तर्गतको ...साहित्य कुञ्ज' नामक संस्थाले सम्मान गरेको थियो ।[२९] त्यस्तै विकललाई २०६३ मा बगर विशिष्ट सम्मान प्राप्त भएको थियो ।[३०]

## २.२ व्यक्तित्व

रमेश विकलको पहिचान विभिन्न क्षेत्रमा विभिन्न तरिकाले छरिएर रहेको छ । उनको कथाकार र उपन्यासकार व्यक्तित्व उत्पादनमूलक रहे पनि साहित्यका अन्य विधाका साथै सामाजिक,राजनैतिक व्यक्तित्व पनि चर्चा योग्य छ ।

---

[२४] ऐजन् ।

[२५] मोहनप्रसाद तिमसिना, पूर्ववत् पृ. २९ ।

[२६] रामप्रसाद भट्टराई, पूर्ववत्, पृ. १२ ।

[२७] रमेश विकलबाट प्राप्त जानकारी ।

[२८] ऐजन् ।

[२९] शोधार्थी स्वयं उपस्थित रहेको ।

[३०] रमेश विकलबाट प्राप्त जानकारी ।

## २.२.१ राजनैतिक व्यक्तित्व

रमेश विकलले २००६-२०१५ सम्म सक्रिय रूपमा बामपन्थी राजनैतिक जीवन बिताएका थिए ।[३१] निरंकुश राणा शासनका विरुद्ध आन्दोलन गर्दा उनी पनि २००६ मा जेल चलान भएका थिए र पछि २००७ सालमा प्रजातन्त्रको स्थापना पछि उनी माथि लागेको आरोप खारेज भएको थियो ।[३२] २०१३-१४ सालतिर उनी विद्यार्थी हक हितको निम्ति अखिल नेपाल विद्यार्थी संघको सदस्यमा छनौट भएर योगदान पुऱ्याएका थिए ।[३३] यसपछि २०१९ सालमा नेपाल लेखक संघका सदस्यमा निर्वाचित भई बौद्धिक समाजको प्रगतिको लागि संघर्षरत विकल यसबाट पनि २०२० सालतिरै अलग्गिन्छन् ।[३४]

यसरी २०१५ देखि नै सक्रिय राजनीतिलाई छोडे पनि प्रगतिवादी साहित्य सृजनाको माध्यमबाट सैद्धान्तिक रूपमा बाम घटकको निकट रहँदै आएका छन् ।

## २.२.२ सामाजिक व्यक्तित्व

रमेश विकलले समाज विकास तथा निर्माणको लागि विभिन्न संघसंस्थामा आबद्ध रहेर वा अलग रहेर पनि ठूलो सेवा तथा सहयोग गरेका छन् ।[३५] २००५-६ तिर विनायक मिडिल स्कुलको स्थापनामा सहयोग दिँदै केही वर्ष अध्यापनको काम गरेका हुन् ।[३६] २००८ सालमा आफ्नै घरमा अरुणोदय राष्ट्रिय प्राइमरी स्कुलको स्थापना गरी सञ्चालक समितिका अध्यक्ष बने ।[३७] त्यस्तै विकलले चामुण्डा मा.वि.को

---

[३१] ऐजन् ।

[३२] रामप्रसाद भट्टराई, पूर्ववत्, पृ.१२ ।

[३३] रमेश विकलबाट प्राप्त जानकारी ।

[३४] ऐजन् ।

[३५] मोहनप्रसाद तिमसिना, पूर्ववत् पृ. ११ ।

[३६] ऐजन्, पृ. ११ र १२ ।

[३७] मोहनप्रसाद तिमसिना, पूर्ववत्, पृ. ११-१२ ।

सञ्चालक समितिका सदस्य तथा सहयोगी नि.मा.वि. का संस्थापक सदस्यमा रहेर शैक्षिक गतिविधिमा टेवा पुऱ्याएका छन् ।[३८]

यी बाहेक उनले समाजका विकृति विसङ्गति पन्छाइ स्वच्छ समाजको निर्माणका लागि खोलिएका मित्र मण्डली संस्था (चाबहिल) को सचिव र समाज सुधार संघका सदस्य भइ सेवा पुऱ्याएका छन् ।[३९]

### २.२.३ साहित्यकार व्यक्तित्व

साहित्यकार व्यक्तित्व रमेश विकलको जीवनको अभिन्न पाटो हो । साहित्यका पनि विविध विधामा उनको कलम चलेको छ । त्यसैले उनको यो साहित्यिक व्यक्तित्वलाई विधा अनुसार अलग-अलग राखेर परिचय लिनु सान्दर्भिक हुन जान्छ ।

#### २.२.३.१ कथाकार व्यक्तित्व

रमेश विकल २००६ को शारदा पत्रिका (वर्ष १२, अंक १५) मा 'गरिब' कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[४०] रमेश विकलको सृजनाको र महत्वको दृष्टिले अत्यधिक फस्टाएको विधा कथा हो । आधुनिक नेपाली कथामा समाजवादी यथार्थवादी कथाको समृद्धिको लागि विकलको हात प्रमुख छ ।[४१] प्रकाशित कथासङ्ग्रहका दृष्टिले उनको बिरानो देशमा (२०१६) पहिलो कथासङ्ग्रह हो ।[४२] त्यस्तै उनको दोस्रो कथासङ्ग्रह नयाँ सडकको गीत (२०१९) ले पाण्डुलिपिमा नै मदन पुरस्कार प्राप्त गरेको हो ।[४३] उनका अन्य चर्चित कथासङ्ग्रहहरू-

---

[३८] ऐजन् पृ. ११-१२ ।

[३९] ऐजन् पृ. ११-१२ ।

[४०] रमेश विकलबाट प्राप्त जानकारी ।

[४१] दयाराम श्रेष्ठ, नेपाली कथा भाग-४, (सम्पा.दो.सं. काठमाडौं: साझा प्रकाशन, २०६०), पृ. ११० ।

[४२] रमेश विकलबाट प्राप्त जानकारी ।

[४३] ऐजन् ।

एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा (२०२४),

आज फेरि अर्को तन्ना फेरिन्छ (२०२४),

उर्मिला भाउजू (२०२५)

शव र शालिक र सहस्र बुद्ध (२०३५)

हुन् ।[४४] बालकथा तर्फ पनि उनको सृजनाको सुवास निकै नै फैलिएको छ । उनका प्रकाशित बालकथा कथासङ्ग्रहहरूमा

तेह्र रमाइला कथा (२०२०),

एक्काइस रमाइला कथा (२०३३),

पञ्चतन्त्रका कथाहरू (२०२३, अनूदित),

हिउँदे छुट्टिमा (२०४९),

अगेनाको डिलमा (२०२३),

बुद्धिका घैटामा घाम (२०६३),

मलाइ किताब मनपर्छ (२०६३),

अगेनाको डिलमा (२०२३),

बुद्धिका घैंटामा घाम (२०६३),

मलाइ किताब मनपर्छ (२०६३),

रमेश विकलका उत्कृष्ट बाल कथाहरू (२०६३) प्रकाशित छन् ।[४५]

यी बाहेक उनका कथाहरू पत्रिकामा छापिएर र कतिपय पाण्डुलिपि अवस्थामा नै छन् ।

### २.२.३.२ उपन्यासकार व्यक्तित्व

नेपाली कथाका क्षेत्रमा लोकप्रियता हासिल गरिसकेका रमेश विकल उत्तरार्ध समयमा उपन्यास लेखनतिर उन्मुख देखिन्छन् । उनको प्रथम प्रकाशित उपन्यास

---

[४४] दयाराम श्रेष्ठ, पूर्ववत् पृ. ११० ।

[४५] रमेश विकलबाट प्राप्त जानकारी ।

सुनौली (२०३१) हो ।[४६] त्यस्तै अन्य प्रकाशित औपन्यासिक कृतिहरू अबिरल बग्दछ इन्द्रावती (२०४०), विक्रम र नौलो ग्रह (बालउपन्यास, २०४७), र *सागर उर्लन्छ सगरमाथा छुन्न* (२०५२) हुन् ।[४७]

विकलका यी चारवटै उपन्यास फरक-फरक प्रवृत्तिका छन् ।[४८] सुनौली उपन्यास सुनौली नामकी नारी पात्रको जीवनका कथा, व्यथा, तथा शोषणलाई उद्घाटन गर्ने सामाजिक यथार्थवादी उपन्यास हो ।[४९] त्यस्तै अबिरल बग्दछ इन्द्रावती, (२०४०) उपन्यास अभावग्रस्त र शोषित माझीहरूमा आउँदै गरेको चेतना र गरिबको पसिना चुसेर ढाडिएका काजीहरूको अन्तर्द्वन्द्वलाई चित्रण गर्ने समाजवादी यथार्थवादी उपन्यास हो ।[५०] सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा पञ्चायती व्यवस्थाभित्र पोखिएका भ्रष्ट अभिजात वर्ग  र तिनको उग्र दुष्कृतिको भण्डाफोर गरिएको छ ।

### २.२.३.३ निबन्धकार व्यक्तित्व

रमेश विकलको सृजनाको अर्को क्षेत्र निबन्ध पनि हो । उनले २०१६ सालमा सलाइ, चाकू, कलमः यिनको जातै यस्तो नामक निबन्धबाट निबन्ध लेखनको क्रम अगाडि बढाएका हुन् ।[५१] उनका नीलगिरीको छायाँमा, अगाडि बढ्नु छ, अझै अगाडि बढ्नु छ र सातफन्को एक सूर्य (यात्रासंस्मरण) जस्ता निबन्ध संग्रह प्रकाशित छन् ।[५२] विकलको निवन्धकार व्यक्तित्वलाई आख्यानकार व्यक्तित्वले च्यापेकोले यो त्यति चर्चामा आउन सकेको छैन ।

### २.२.३.४  नाटककार व्यक्तित्व

---

[४६] ऐजन् ।

[४७] राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, वाराणसी भूमिका प्रकाशन, २०५३, पृ. ३१७ ।

[४८] पूर्ववत्, पृ. १६३ ।

[४९] कृष्णहरि बराल, र नेत्र एटम्, एपनयास ीसद्धानत र न्पेलाि एपनयास, काठमाडौंः सँझा प्र्काशन, २०५६, पृ. ११७ ।

[५०] पूर्ववत्, पृ.१६१ ।

[५१] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १६४ ।

[५२] विकलबाट प्राप्त जानकारी ।

नाटक पनि रमेश विकलको अर्को साहित्यिक पाटो हो । उनको नाटक लेखन २०१३-१४ सालतिर रेडियो नेपालद्वारा मञ्चन गरिएको 'हरिशरणम' नामक नाटकबाट सुरु भएको हो ।[५३] उनका एकाङ्की पूर्णाङ्की दुवै खाले नाटक प्रकाशित छन् । पुस्तकाकार रूपमा सप्तरङ्ग (एकाङ्की नाटक), सरदार भक्ति थापा, मान्छे वैभव र मृत्यु, अब तिमी नरोऊ किरण (बाल नाटक), सातथुँगा (बाल नाटक) प्रकाशित छन् ।[छद्ध]

यसरी नेपाली साहित्यको सेवामा समर्पित रमेश विकल एक उत्कृष्ट साहित्य साधक हुन् । साहित्यका छुट्टाछुट्टै विधामा कलम चलाएका विकलको सृजना र प्रसिद्धिको मूल विधा भने आख्यान नै हो ।

---

[५३] ऐजन् ।

[५४] ऐजन् ।

# तेस्रो परिच्छेद

## उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू

उपन्यास आधुनिक साहित्यको प्रमुख विधा हो । यो मानव र मानवसमाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्याख्यान हो ।[५५] यसमा जगत् जीवनका व्यापक घटना तथा परिवेशको तारतम्य सुरुचिपूर्ण तरिकाले मिलाइएको हुन्छ । साहित्यका अन्य विधाजस्तै उपन्यासको पनि आफ्नै खालको संरचना हुन्छ । साहित्यमा संरचना कुनै खास विधा-कथा, उपन्यास, कविता आदिसित सम्बद्ध आवश्यक अङ्ग-उपाङ्ग, तन्तुहरू, अवयव र उपकरणको अनुशासित र व्यवस्थित सङ्गठनात्मक व्यवस्थापन हो भन्ने बुझिन्छ ।[५६] उपन्यासको सरचनामा पनि यसका आफ्नै खास किसिमका आधारभूत अवयवहरूको सङ्गठन हुन्छ । खास किसिमका त्यस्तै घटकहरूले उपन्यासको विधागत परिचय दिलाउँछ । यसले गर्दा उपन्यासमा बाह्य तथा आन्तरिक, रूपगत तथा गुणगत वैशिष्ट्य हुन्छन् । उपन्यासको अध्ययन तथा विश्लेषणको कुरा गर्दा तिनै आधार घटकको स्थिति तथा उपस्थिति कस्तो प्रकारको रहन्छ, त्यस कुरामा नजर पुऱ्याउनु पर्छ । ती घटकलाई उपन्यासका तत्व पनि भनिन्छ । यिनै तत्वहरूले निर्वाह गरेको भूमिकालाई खुट्याउनु नै उपन्यास विश्लेषणको सैद्धान्तिक आधार हो ।

यस्ता तत्वहरू उपन्यासमा के कति रहेका हुन्छन् भन्ने बारेमा विद्वान्हरूको एकमत देखिँदैन । कृष्णचन्द्रसिंहले प्रधानले कथानक चरित्र, कथोपकथन शैली, भाषा, उद्देश्य र वातावरणलाई उपन्यासका आधारभूत तत्व भनी निर्धारण गरेका छन् ।[५७]

त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोककथन, द्वन्द्व, परिवेश, विचार र कौतूहल भनी निर्धारण गरेका छन् ।[५८] ऋषिराज बरालले कथानक, चरित्रहरू,

---

[५५] कृष्णहरि बराल, र नेत्र एटम, पूर्ववत् पृ. ९ ।

[५६] ऋषिराज बराल, उपन्यासको सौन्दर्यशास्त्र, काठमाडौं: साझा प्रकाशन, २०५६, पृ. २६ ।

[छठ] कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, चौ. सं., काठमाडौं: साझा प्रकाशन, २०६१, पृ. ७-११ ।

सारतत्व, दृष्टिबिन्दु, भाषाशैली र कार्यपीठिकालाई उपन्यासका तत्व मानेका छन् ।[५९] कृष्णहरि बराल र नेत्र एटमले कथानक (Plot), चरित्र र चरित्रचित्रण (Character and Characterization), पर्यावरण (Environment), दृष्टिबिन्दु (Point of view), सारवस्तु (Theme), भाषा (Language), प्रतीक र बिम्ब (Symbol and image) र जति र लय (Tempom and rhythm) भनी निर्धारण गरेका छन् ।[६०]

## ३.१. कथानक

घटनाहरूको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्वपूर्ण तत्व हो । यसलाई कार्य-कारणको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ, जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ ।[६१] कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागे पनि घटना प्रधान उपन्यासमा त अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एक अर्कालाई गाँस्दै अगाडि बढ्छन । यसमा घटनाहरू कथात्मक रूपमा स्वेटर उदारे झै सरर नभनेर एक अर्कासँग सम्बन्धित तुल्याउँदै घटनासँग कारण जोड्ने हुनाले पाठकमा पर्ने जिज्ञासाको शान्त गर्दै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वाभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्छन् ।

उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता श्रोताहरू सामान्यतः इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना हुन सक्छन् ।[६२]

---

[५८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १२ ।

[५९] ऋषिराज बराल, पूर्ववत्, पृ. २६ ।

[६०] कृष्णहरि प्रधान र नेत्र एटम, पूर्ववत्, पृ. २२ ।

[६१] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत् पृ.७ ।

[६२] कृष्ण हरि बराल, र नेत्र एटम, पूर्ववत्, पृ. २५ ।

सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पाँचवटा तह पार गर्दछ । जसलाई कथानकको आङ्गिक विकास भनिन्छ । ती आरम्भ, सङ्घर्ष विकास, चरम, संघर्षह्रास र उपसंहार हुन् ।

## ३.२ चरित्र

चरित्र उपन्यासको अर्को अभिन्न अङ्ग हो । जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र यथार्थको समेत उद्घाटन हुन्छ ।[६३] उपन्यासमा मानव जीवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ । जसका माध्यमबाट उपन्यासकारले आफ्ना विचार पाठक समक्ष पुऱ्याउँछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ, उसको दृष्टिकोण कस्तो छ भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउन सकिन्छ । चरित्रहरूको संवाद कार्य र गतिमा कथावस्तु, विचार तथा उद्देश्यको पनि विस्तार हुन्छ ।[६४] उपन्यासमा मानवीय तथा मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग हुन्छन् । उपन्यासका मानवीय पात्रहरू कुनै खास, वर्ग, प्रवृत्तिका आधारमा विविध प्रकारका हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई छ जोडी प्रकार- गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक गरी बाँडेका छन् ।[६५] त्यस्तै मोहनराज शर्माले लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आवद्धताका आधारमा पनि चरित्रका विविध प्रकार बताएका छन् ।

## ३.३ सारवस्तु

सारवस्तु उपन्यासको महत्वपूर्ण पाटो हो । यो उपन्यास लेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न

---

[६३] कृष्ण हरि बराल र नेत्र एटम्, पूर्ववत् पृ. २७ ।

[६४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ.१७ ।

[६५] ऋषिराज बराल, पूर्ववत् पृ. ३३ ।

खोजेको अर्थात् समग्रताबाट सम्प्रेषण गर्न चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भार बहन गर्ने सारवस्तु उपन्यासको अर्थ (Meaning) हो ।[६६] यो उपन्यासमा कोरा उपदेशात्मक वा घोषणात्मक रूपमा भन्दा कलात्मक रूपमा आएर अन्त्यमा पाठकलाई तत्व बोध गराउँछ । उपन्यासमा विचारको संवहन कुनै बिम्ब प्रतीक तथा भाषिक विचलन, लक्षणा, व्यञ्जना जस्ता कुनै पद्धतिद्वारा अभिव्यक्त गर्न सकिन्छ ।[६७]

## ३.४ पर्यावरण

उपन्यासमा पात्रहरूका कार्यकलापहरू जहाँ सञ्चालन हुन्छन् वा घटनाहरू जहाँ घट्छन् त्यो ठाउँ, उपन्यासले लिएको समय र उपन्यास पढ्दै जाँदा पाठकमा पर्न सक्ने मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसरी हेर्दा पर्यावरणभित्र देशकाल र वातावरण पर्न सक्छन् ।[६८]

### ३.४.१ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटना मार्फत् बुझिने अर्थात् सिधै वर्णित स्थानविशेष पर्दछन् । देशकाल कथनकसँगै जोडिएर आउने आधार भूमि हो । कुनै उपन्यासमा उपन्यासकारले भूगोल, इतिहास, संस्कृति, जाति, समयको सपाट चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, वेशभूषा, बोलीचाली आदि मार्फत् पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकालको महत्व बढी हुन्छ । आज उत्तर आधुनिकतावादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्व दिएको पाइन्छ । विश्वजनीन प्रवृत्तिका उपन्यास लेखिने यो समयमा देशकाल स्वतः गौण हुँदै गएको छ ।

---

[६६] कृष्ण हरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३० ।

[६७] मोहनराज शर्मा, कथाको विकास प्रक्रिया, दो.सं., काठमाडौं: साझा प्रकाशन, २०५०, पृ. १७४-१७५ ।

[६८] कृष्ण हरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ४१ ।

### ३.४.२ वातावरण

उपन्यास पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जीवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक खालको वातावरण सृजना गर्न सक्छन् । यो मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध, करूणा, प्रेम, नैराश्य, हर्ष, आशक्ति आदि भावनाको उद्बोधन र तिनको परिवृप्ति नै वातावरण हो ।[६९]

## ३.५ दृष्टिबिन्दु

दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँछ । अर्थात् कथाकार र पाठकवर्गबीचको सम्बन्ध सूत्र नै दृष्टिबिन्दु हो ।[७०] प्रस्तुतीकरणसँग सम्बन्धित दृष्टिबिन्दु उपन्यासमा कथावाचकले लिने ठाउँ हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञात हुन्छ । कुनै उपन्यासमा कथयिता स्वयं सहभागी भएको हुन्छ, कुनैमा अरुलाई नै पात्रको रूपमा खेलाडी झैं खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्छ । दृष्टिबिन्दु बाह्य तथा तृतीयपुरुष र आन्तरिक तथा प्रथमपुरुष गरी २ प्रकारका हुन्छन् ।

### ३.५.१ बाह्य तथा तृतीयपुरुष दृष्टिबिन्दु

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु हो । यो पनि २ प्रकारको हुन्छ  सर्वज्ञ र सीमित ।

---

[६९] ऋषिराज बराल, पूर्ववत् पृ. ३९ ।

[७०] कृष्ण हरि बराल र नेत्र एटम, पूर्ववत् पृ. ३६ ।

सर्वज्ञ दृष्टिबिन्दुलाई सर्वदर्शी दृष्टिबिन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छ ।[७१] कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तारपूर्वक बयान गर्दै जान्छ ।

सीमित दृष्टिबिन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग, विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ ।

### ३.५.२ आन्तरिक तथा प्रथमपुरुष दृष्टिबिन्दु

यसमा कथयिता नै 'म' पात्र तथा नायकको रूपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथम पुरुष दृष्टिबिन्दु पनि केन्द्रीय र परिधीय गरी २ प्रकारको हुन्छ ।

कथयिताले कथानक भित्र आफ्नो महत्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रूपमा सर्सती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हुन्छ ।

परिधीय दृष्टिबिन्दुमा भने कथयिताको उपस्थिति कथानकमा 'म' पात्र कै रूपमा भए पनि ऊ अलि पर रहन्छ अर्थात् चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ ।

## ३.६ भाषा

उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरी स्थान रहन्छ । भाषाका माध्यमबाट मात्र लेखकले उपन्यासको आकृति खडा गरी आफ्ना विचार सशक्त र जीवन्त रूपमा संवहन गराउँछ । उपन्यासमा कथ्य, लेख्य दुवै खाले भाषा प्रयोग हुन्छन् । पात्र, घटना परिवेश अनुरूप स्वाभाविक, भाषा उपन्यासमा प्रयोग हुन्छ । तर भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशष्टिताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा

---

[७१] ऐजन्, पृ. ३७ ।

भएको हुन्छ ।[७२] भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्दै अर्थ खोज्दै व्याकरिणक विचलन, विम्बप्रतीक लक्षणा, व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजका उपन्यासका भाषिक विशेषता बनेका छन् ।

शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवं सजीव बनाउने भन्ने कुरा यसले बुझाउँछ । उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक पत्रात्मक आदि शैलीले सीप सौन्दर्यलाई बुझाउँछन् ।

### ३.७ गति र लय

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो ।[७३] कुनै उपन्यासमा कथानकको विकासको वेग तीव्र हुन्छ भन्ने कुनैमा मन्द हुने गर्छ । वर्णनात्मक शैली र लामा लामा संवाद तथा वाक्यमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र संक्षेप पद्धति हुन् ।[७४]

दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रूचि लिएर विस्तारपूर्वक दृश्यका रूपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउँछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरूको संवाद, कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविधि आदि समाहित पार्ने काम यसमा हुन्छ ।[७५]

संक्षेप पद्धतिमा छोटो छरितो रूपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढ्छ । पात्रका कतिपय क्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्छन् । भए गरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको

---

[७२] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ३७ ।

[७३] ऐजन्, पृ. १२ ।

[७४] कृष्ण हरि बराल र नेत्र एटम्, पूर्ववत्, पृ. ४२ ।

[७५] ऐजन् ।

पनि खासै महत्व नहुने पद्धति संक्षेप पद्धति हो ।[७६] कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले यसमा औपन्यासिक गति तीव्र हुन्छ ।

उपन्यास गद्यमा लेखिए पनि यसको आफ्नै किसिमको ढाँचा र छन्द हुन्छ । भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गितिकताभित्र निहित मुर्च्छनालाई गद्य भाषामा लय भनिन्छ ।[७७] विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुनरावृत्तिबाट तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट उपन्यासमा रोचकता र आकर्षण थपिन जान्छ । त्यसैले आधुनिक उपन्यासमा यो अपरिहार्य तत्व बनेको छ ।

[७६] ऐजन्, पृ. ४२ ।
[७७] ऐजन्, पृ. ४२ ।

# चौथो परिच्छेद

## सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक विश्लेषण र मूल्याङ्कन

### ४.१. कथानक

हाइनरिख वेन गोल्डमेन (अमेरिकी यहुदी मूलको एक युवक) जहाजबाट काठमाडौं अवतरण हुन लाग्दाको अवस्थादेखि उपन्यासको कथानक प्रारम्भ हुन्छ । आफ्नो सबै मालसहितको सुटकेश छुटेको थाहा पाएपछि हाइनरिख अधिकारीसँग झन्कदै उपत्यकाको सस्तो राम्रो होटलतिर लाग्छ । उपन्यास तात्कालिकता र पूर्वकालिकताको समायोजनबाट अगाडि बढेको छ । उसले करिब १२/१५ वर्ष अगाडि अमेरिकाको 'इष्टवेष्ट सेन्टर युनिभर्सिटी' होनोलोलुमा मेडिकल साइन्स पढ्दा आफूसँग अध्ययन गर्ने नेपाली छात्रा लक्ष्मी शाहलाई सम्झन्छ । त्यहाँ कृतज्ञता-ज्ञापन दिवस मनाउन हवाइ टापु जाँदा तिनीहरूबीच घनिष्टता बढेको हुन्छ । नेपाल देश जहाँको बुद्धको शान्ति र अहिंसा, हिमालको शीतलता र उच्चताप्रति अपार आदर र श्रद्धा प्रकट गर्छ । लक्ष्मी परपुरुषको सामीप्यमा पनि आफूलाई संयमित र मर्यादित राख्दै बौद्धिक बहस गरिरहेकी हुन्छे । हाइनरिख नेपालको स्वच्छ छवि, पवित्र र उच्च संस्कार, शान्त र शीतल वातावरणको मीठो कल्पना गर्छ । सानैमा आमाको मृत्युले टुहुरो बनेको हाइनारिख कुलती बाबुको रूखोपनबाट सधै नै त्रस्त रहेको हुन्छ । स्कुलमा पनि इसाइ बच्चाहरूले क्राइष्टको हत्याराका सन्नतिको रूपमा हेरेर खेदो खनेको कुरा ऊ लक्ष्मीसँगको बसाइमा भन्छ । दुवैजना समुन्द्रको सार्क नामक जन्तुका माध्यमबाट अमेरिकी साम्राज्यवादी नीतिको चर्चा गर्छन् । पढाइसकेर लक्ष्मी काठमाडौं फर्केपछि आत्मीय मित्र हाइनरिखलाई बिर्सँदै जान्छे । पत्राचार पनि कम हुँदै जान्छ ।

उता हानरिख भने शान्त नेपालको शीतलतामा सुस्ताउन, यहाँको माटोमा स्थायी रूपले बसोबास गर्न लक्ष्मीको आभाषलाई पछ्याउँदै यहाँ आउँछ ।उसलाई आफ्नो देशमा चलिरहेको बमबारूदको खिचातानी, रङ्गभेद, जातिभेद तथा चरम आर्थिक असमानताजस्ता मानवता विरोधी तत्वले विरक्त पार्छन् । त्यहाँको सभ्यता उसलाई सस्तो लाग्छ, संस्कृति छाडा र सुन्दरता यान्त्रिक लाग्छ । यसबाट पलायित

हुँदै ऊ नेपाल मुलुकमा आएको हुन्छ । कथानक तात्कालिक प्रसङ्गमा आउँछ । नेपालको राजधानी काठमाडौंका होटल तथा बारका अत्याधुनिक सजिसजाऊ, रमझम, पप धुनका चित्कार, तल्लो स्तरका भट्टी, नाइट क्लब, भड्किलो नाचगान देख्दा आफू आउनु अगावै भद्धा संस्कृतिले प्रवेश गरिसकेको उसलाई लाग्छ । उसको काल्पनिक नेपालले पल्टा खान्छ । त्यस होटलमा उसको रेमण्ड राणासँग भेट हुन्छ । ऊ रेमण्डका नौटङ्की कुराले आजित हुन्छ । पशुपतिनाथ, बौद्धमन्दिर, स्वयम्भु आदि धार्मिक स्थल परिसरमा बगलीमारा, जारी, जुवा, जाँड, ठगी, चोरी, धुर्त्याई, आत्मक्रय, माग्ने तथा गरिबको ताँती देख्दा उसको मन धमिलो हुन्छ; एक किसिमको नमज्जा लाग्छ; यहाँको सुन्दर प्रकृति र मानिसका घटिया प्रवृत्तिबीच ठूलो विरोधाभाष पाउँछ । एकदिन राती हाइनरिखको कोठामा मीरा नामकी सम्भ्रान्त खालकी महिला पठाइन्छे । विदेशीहरूलाई सशुल्क जीउ बेचेर विलासिताका अतिरिक्त आवश्यकता पूरा गर्ने मीरा हाइनरिखको सच्चरित्रबाट नतमस्तक हुन्छे । आफ्नै घृणित पेशाप्रति वितृष्णा व्यक्त गर्छे । रेमण्ड हाइनरिखलाई भेट्न बारम्बार होटल आउने गर्छ र उसले आफ्नो दाजु चम्पक र छोरी इलेन (चम्पककी) सँग पनि परिचय गराउँछ । चम्पक रेमण्ड राणाहरू देशमा अवैध सुन, मूर्ति तथा प्राकृतिक सम्पदा, हिरोइन, म्यान्डेक्स, ब्राउन सुगर जस्ता लागू पदार्थको व्यवसाय सञ्चालन गरेर रातारात करोडपति बनेका हुन्छन् । देशलाई र जनतालाई कङ्गाल बनाउने तथा देशभर हत्या, लुटपाट, आतङ्क, आगजनी, भय तथा सन्त्रास फैलाउने काममा योजनाबद्ध रूपमा जुटेका हुन्छन् । कानुन र प्रशासनको शिर समातेर बसेको चम्पकले हाइनरिख भिसाको म्याद सकिएर पक्राउ पर्दा छिनमै छुटाएर ल्याउँछ ।

हाइनरिख राणाहरूको ठूलो आग्रहपछि उनीहरूकै घरमा पेइङगेष्टका रूपमा बस्न थाल्छ । त्यहाँ इलेन हाइनरिखकी अन्तरङ्ग साथी बन्छे । राणाहरूले आफ्ना राष्ट्रघाती आपराधिक क्रियाकलापमा हाइनरिखलाई अप्रत्यक्ष फसाइसकेका हुन्छन् । आफूले माटो र बाटोको गन्ध मन पराएर आएको देशमा भएका यस्ता कुकर्ममा फसेर नेपालीको विनासकको कारक बन्नुपर्दा हाइनरिखको मन उचाटिन्छ । यसबाट छुट्कारा पाउन ऊ अमेरिकी दुतावासको कर्मचारी जान सेवास्टिनो कहाँ पुग्छ । नेपालीलाई

आफ्नोपन, जाति र संस्कृतिको माया नभएकोले यहाँको उत्थान पतनसँग सरोकार नराख्न जानले आग्रह गर्छ । यसमा हाइनरिखलाई अमेरिकी अहम्‌को गन्ध प्राप्त हुन्छ । चम्पक राणाले इलेनको सम्बन्ध शाह खानदानसँग जोडेर २००७ सालमा खोसिएको राणा अधिकार फिर्ता लिने कलुषित स्वार्थ पालेको छ । इलेन आफू यसरी बलिकी बाख्री हुन लाग्दाको अवस्थामा समेत चुप लागेर बसेकी हुन्छे । तर आफ्नो बाबुको कुत्सित व्यवसाय जसले देश तथा जनताको जीवन आगोमा होम्न लागेको छ भन्ने जानेकी हुनाले त्यसप्रति आफ्नो तीव्र घृणा भएको बताउँछे । छोरी भएकीले संस्कारजन्य व्यवधानले गर्दा आफ्नै बाबुको विरुद्ध लड्न नसकेको कुरा गर्छे । अर्कोतिर कृष्णराजा (चम्पकको माइलो भाईको छोरा) आफ्नै दरबारमा मौलाइरहेको दुई नम्बरी राष्ट्रघाती कारोबारको विषाक्त वातावरण खप्न नसकेर यसको विरुद्ध सङ्गठन बनाउँदै हिँडेको हुन्छ । एक रात सम्बन्धित तस्कर गिरोहहरूको विशाल जमघट गरेर चम्पक राणा महलमा व्यावसायिक प्रीति भोज मनाइरहेको हुन्छ । त्यस बेला अत्यन्त कठोर व्यङ्ग्यात्मक वचनले खिल्ली उडाउँदै कृष्णराजाले नराधमीहरूको मिलनमय रात विषाक्त बनाइदिन्छ । गिलासमा घोलेर देश पिउन लागेका गद्धारहरू विरुद्ध अत्यन्त आक्रामक शब्द प्रहार गर्छ ।

हाइनरिखले यहाँका १९९७, २००७, २०१५, २०१७, २०३६ सालका ऐतिहासिक राजनीतिक उथलपुथलबारे राम्रोसँग थाहा पाउँछ । त्यसमा पटक पटक जनताले पाएको धोकाकोबारे धारणा बनाउँछ । हाइनरिखले एकदिन अचानक आफु चम्पकद्वारा 'ड्रग ल्याब' को प्रबन्धक बनाइएको थाहा पाउँछ यसबाट ऊ निकै आतङ्कित हुन्छ । तैपनि उसले त्यहाँबाट छुट्कारा पाउन इलेनको माध्यमबाट कृष्णराजालाई भेट गरिरहन्छ । तत्काल राणाको त्यस दलदलबाट छुट्न नसके पनि त्यही रूपमा रहेर ऊ कृष्णराजालाई सहयोग गर्छ । देशको स्थिति झन्झन् खस्कँदै गइरहेको हुन्छ । अभिजात वर्गका स्यालहरू भ्रष्टाचार, कमिशनतन्त्र र तस्करीबाट विदेशी बैंकमा अकुत सम्पत्ति जोर्छन् । देशका बहुमूल्य वनसम्पदा, जलसम्पदा तथा अन्य ऐतिहासिक महत्वका चीज तथा राष्ट्रको ढिकुटी भित्रभित्रै नष्ट हुँदै जान्छन् । शासक तथा उच्च वर्गका व्यक्तिहरूको बेकुफीप्रवृत्ति, देशले थामिन नसक्नु विदेशी ऋण तथा धाजा

फाटेको आर्थिक, सामाजिक र राजनीतिक स्थितिले देश आज ढल्छ कि भोलि ढल्छको अवस्थामा पुग्छ । अर्कातिर सर्वसाधारणको कालोबजारी, घुसखोरी र महङ्गीले गर्धन निमोठ्छ । जनताको हकहित इच्छा, चाहना र प्रगतिजस्ता कुरा दरबारभित्र थुनिन्छन् । सर्वत्र राजसंस्थाको जयजयकारको गुञ्जन मात्र सुनिन्छ । पञ्चायती व्यवस्थाबाट पोषित मण्डले, गुण्डा तथा कमाण्डोहरूले जनताबीच आतङ्क, भय, सन्त्रास, हिंसा, हत्या, अपहरण, चोरी, बलात्कारजस्ता निन्दनीय काम निर्बाध रूपमा सञ्चालन गर्छन् ।

कृष्णराजाको सहयोगमा हाइनरिख चम्पकको कालो कब्जाबाट उम्केर पश्चिम नेपालको विकट गाउँको अस्पतालमा जनसेवाका लागि जान्छ । त्यस अस्पतालमा अत्यन्त निम्न सुविधामा डा. कोमल र नर्स चेतनासँग हाइनरिख जनताको अहोरात्र सेवा गर्छ । सोझा जनताको निष्कपट मायामा हाइनरिख अपार आनन्दको अनुभव गर्छ । गाउँ-गाउँसम्म अब विस्तारै जनतामा चेतनाको प्रस्फुटन हुन थाल्छ । पञ्चायती क्रुर व्यवस्थाका विरुद्ध देशव्यापी आन्दोलन चर्कन्छ । सरकारी दमनले चरम रूप लिन्छ । जनताहरू कुटिन्छन्: पक्राउ पर्छन्, मारिन्छन्, फालिन्छन्, युवतीहरू बलात्कृत हुन्छन् । हाइनरिखको अस्पतालमा पनि घाइतेको लर्को लाग्छ । तिनलाई देशद्रोहीको संज्ञा दिँदै गुण्डाहरूले उपचार नगर्न हाइनरिखलाई धम्की दिन्छन् । आफ्नो कर्तव्यमा निरन्तर निष्ठावान् जनसेवी हाइनरिख त्यस्ता व्यवहारको विरोध गर्छ र काममा खटिरहन्छ । यसको बदलमा एक साँझ अकस्मात अपहरणमा पर्छ । कुटपिट पारी छाँगाबाट खसाइएको अवस्थामा अर्कोदिन फेला पर्छ । अलिअलि धुकधुकी बाँकी रहेको हाइनरिख जनताको करबलमा शिक्षण अस्पताल, काठमाडौंमा उपचारार्थ पुऱ्याइन्छ । होस खुलेपछि उसले त्यहाँ आफ्नो साथी लक्ष्मी शाहलाई देखेर बोलाउँछ । तर लक्ष्मी चिनिन नचाहीँ कोठाबाट बाहिरिन्छे । यसबाट हाइनरिख आहत बन्छ । नर्स चेतनाको साथमा उपचारको क्रममा रहँदा नै उपन्यास टुङ्गिन्छ ।

### ४.१.१ कथानकको स्रोत

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कथानकको स्रोत यथार्थमूलक अनुभव हो । यथार्थमूलक अनुभवमा स्रष्टाले आफ्नो निरीक्षण क्षमताका माध्यमबाट ग्रहण गरेका कुराहरू पार्दछन् ।[७८] यस उपन्यासमा रमेश विकलले पञ्चायती शासनकालका विकृति विसङ्गतिहरूलाई आफ्नो देखाइ, बुझाइ र सुनाइको आधारमा अर्थात् नजिकको अनुभवबाट छर्लङ्ग उतारेका छन् । देशको शासकहरूको नैतिक पतनको स्थितिलाई तीव्र टीका टिप्पणी सहित प्रस्तुत गरेका छन् । भित्रभित्रै देशका बहुमूल्य वस्तुको विदेश पैठारी गर्ने, लागू पदार्थको नेपालभर औषधीसँग मिश्रण गरेर बिक्री गर्ने र रातारात अरबौं सम्पत्तिको जोहो गर्ने खास गरी उपत्यका भित्रैका अभिजातहरूको द्रव्यपिशाची प्रवृत्तिको निरीक्षण गरेका छन् । तिनलाई कानुनी रूपले भरथेग गर्ने सामन्ती र नोकरशाही सरकार जसले योजनाबद्ध ढङ्गले जनमानसमा आतङ्क, भय, सन्त्रासको वातावरण सृजना गरेको छ । त्यसको वास्तविक अनुभवकै आधारमा विकलले उपन्यासमा चित्रण गरेका छन् । भ्रष्ट शासकहरूले देशको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक पक्षमा विदेशी उपनिवेश कायम गर्न सहज तुल्याएका छन् । यस्ता राणा तथा शाह खलकले जनता सताउने, लुट्ने तथा कुट्ने नीतिहरूको केन्द्रदेखि स्थानीय निकायसम्म योजना विकेन्द्रित गराएका छन् । जुन तिनीहरूको यथार्थ चलन नै हो । अभिजातहरूको ऐयासी र विलासी प्रवत्तिले विदेशीहरूको जडाउरी सभ्यताको नक्कल गर्दा देशमा भद्दा संस्कृतिको विकास भएको छ । बुद्ध र हिमालको पवित्र देशमा भएका मानिसका निकृष्ट सोच र व्यवहार, तल्लो स्तरका मनोरञ्जनका तरिका जस्ता समग्र विकृतिहरूको निन्दा गर्दै त्यसले देश र जनतामा पारेको प्रत्यक्ष असरको पनि विकलले सही ढङ्गले लेखाजोखा गरेका छन् ।

### ४.१.२ कथानकको आङ्गिक विकास

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा कथानक सिलसिलेवार छैन, अर्थात् कथाभन्दा कुरा गह्रौं भएकोले यसको आङ्गिक विकास पनि पुष्ट र सहज हुन सकेको

---

[७८] ऐजन्, पृ. ४२ ।

छैन । उपन्यासमा हाइनरिख जहाजबाट काठमाडौं अवतरित भई होटलमा बस्न पुग्नु कथानकको आरम्भ हो । उसले शान्ति, पवित्र र आदर्श देशको रूपमा कल्पना गरेको नेपालका होटलका तल्ला खालका मनोरञ्जन, सस्तो श्रृङ्गार, रमझम खानाका नक्कली परिकार, पशुपति र स्वयम्भू जस्ता पवित्र धार्मिक स्थलमा भएका फोहर, जाँड, जारी, जुवा, मगन्ते, गरिब, चोरी, आतङ्क र यसबाट विक्षिप्त भैरहेको मन, रेमण्ड, चम्पकसँगको हाइनरिखको परिचय, कृष्णराजाले तस्कर गिरोहमाथि गरेको व्यङ्ग्य विरोध, इलेनसँगको सम्बन्ध आदि घटना उपन्यासका संघर्ष विकास हुन् । रेमण्ड चम्पकहरूले सञ्चालन गरेको अवैध व्यवसाय, देशका बहुमूल्य सम्पदाको विनास, जनताबीच व्याप्त असुरक्षा, भय, सन्त्रास, हत्या, लुट, आतङ्क, बलात्कार र हाइनरिख अन्जानमै त्यही राणाहरूको दुर्गन्धित महलमा पेइङ-गेष्टका रूपमा बस्न पुग्नु जस्ता घटना उपन्यासका सङ्कटावस्था हुन् । चम्पक राणाले हाइनरिखलाई 'ड्रग ल्याब' को इन्चार्ज बनाउनु, संयोगले  राणाह¿को १/२ वटा साना तिना गोदाममा छापा मारिनु र यसको रीस र आवेशमा चम्पकले प्रहरी अधिकृत समेत ४ जनालाई दमपच पारिदिनु कथानकको चरमावस्था हो । हाइनरिख र इलेनले गोप्य रूपमा कृष्णराजालाई भेट्नु, चम्पकले इलेनलाई दरबारभित्र निगरानीमा राख्नु र हाइनरिखलाई 'ड्रग ल्याब' को आवास केन्द्रमै बस्न लगाउनु, इलेनले चम्पकसँग ठाडो जवाफले विरोध गर्नु, हाइनरिख पश्चिम नेपालको अस्पतालमा कृष्णराजाको सहयोगमा जनसेवाको लागि जानु, पञ्चायती व्यवस्थाको निस्सासिंदो वातावरण, महङ्गी, कालोबजारी, तस्करतन्त्र, कमिशनतन्त्रको बढ्ढो क्रम, जनतामा चेतना जुर्मुराउनु, आन्दोलन हुनु, सरकारी दमन हुनु, घाइतेको हाइनरिखको अस्पतालमा पनि लाइन लाग्नु सङ्घर्षह्रासका घटना हुन् । हाइनरिखलाई धम्की, अपहरण पछि कुटपिट, काठमाडौं उपचारार्थ लैजानु, होस खुलेपछि लक्ष्मी शाहलाई देखेर बोलाउनु तर लक्ष्मी नबोल्नु, हाइननरिख एकदमै असमञ्जसमा पर्नु जस्ता घटना कथानकका उपसंहारका घटना हुन् ।

४.१.३ कथानकमा द्वन्द्व र कुतूहल

उपन्यासमा द्वन्द्व तथा कुतूहलले अत्यधिक महत्व राख्दछन् । द्वन्द्वले कथानकलाई सुरुदेखि अन्त्यसम्म तानेर लैजान्छ भने कुतूहलले पाठकलाई उपन्यासको अन्त्यसम्म तानेर लैजान सहयोग पुऱ्याउँछ । द्वन्द्व कुनै दुई पक्ष, व्यक्ति वा विचारको आपसी संघर्ष तथा खिचातानी हो । जसले कथानकलाई गति प्रदान गर्छ । यो बाह्य तथा आन्तरिक किसिमको हुन्छ । कुतूहल पाठकलाई यसपछि के हुन्छ भन्ने जिज्ञासा उठाउने भाव हो ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा बाह्य तथा आन्तरिक द्वन्द्व आएको छ तर भावुकतापूर्ण वर्णनले त्यसलाई फितलो तुल्याइदिएको छ । उपन्यासमा पञ्चायती व्यवस्थाका शाह तथा राणा अभिजात वर्गका दुष्करहरू र सर्वसाधारण बीच उपन्यास भरि नै द्वन्द्व देखिन्छ । यसमा एउटा विलासी, भ्रष्ट, स्वर्थान्ध वर्ग र अर्को अपहेलित उत्पीडित तथा दमित वर्गको ठीक विपरीत जीवन पद्धतिको द्वन्द्व छ । उपन्यासमा आन्तरिक द्वन्द्वका रूपमा होइनरिखले यस देशप्रति राखेको स्वच्छ र पवित्र छविको धारणा अनि व्यवहारमा पाएको तल्लो खालको जीवनशैलीले गर्दा यहाँको वास्तविक रूप यो हो कि त्यो भन्ने द्वन्द्व उसको मनमा पैदा भएको छ । त्यस्तै चम्पक रेमण्डहरूले सामान्य परिचयपछि बढाएको ज्यादा हिमचिम र सहयोगको बारेमा पनि हाइनरिखकको सकारात्मक र नकारात्मक सोचबीच द्वन्द्व छ । त्यसपछि राणाहरूको कुत्सित व्यवसायमा फसाइएपछि अब के गरूँ, बसुँ कि जाऊँ, जाऊँ भने कहाँ जाऊँ भन्ने आन्तरिक द्वन्द्व हाइनरिखमा देखिन्छ । जुन उपन्यासमा यसरी आएको छ-

*"... उसको अन्तरको नैतिक र कानुनी मर्यादाको भीरू पुरुष नराम्रो आतङ्कले काम्यो उसले यस भयानक षडयन्त्रमा फस्नु हुँदैन: ...तर कसरी ? ... कहाँ ? राणाको आज्ञाको उल्लङ्घन गरेर, उसको कोपभाजन बनेर यस मुलुकमा स्वच्छ, सफेद हाइनरिख कहाँ अटाउन सक्छ ? ... बखत छँदै राणाको यो आत्मघाती प्रस्तावलाई नकारेर यहाँबाट भाग" (सागर उर्लन्छ... पृ. २२१)*

त्यस्तै यसमा सुरुदेखि अन्त्यसम्म लक्ष्मीसँग हाइनरिखमा भेट्छु कि भेट्दिन भन्ने द्वन्द्व छ । छोरी इलेनले र कृष्णराजाले बाबुको घृणित कारोबारको विरोध गर्दा चम्पकमा पनि एक खालको वैचैनीको भाव जन्मेको छ । उपन्यासबाट हेर्दा - *"आफ्नै वंशमा विभीषण जन्मेपछि सुनको लङ्का कसरी बचाउन सकिन्छ । ..."(सागर उर्लन्छ... १७८)*

त्यस्तै बाह्य द्वन्द्वको रूपमा उपन्यासमा हाइनरिखको सुटकेश मिसप्लेस्ड भएकोले अधिकारीसँगको भनाभन, एउटा पर्यटक बोक्न ट्याक्सी चालक बीच भएको लुछा-चुँडी, हाइनरिखको संयमता र मीराको वासनात्मकता बीचको टकराव, हाइनरिख र जानको नेपालप्रतिका विपरीत अभिव्यक्ति, कृष्णराजा र चम्पकबीच भएको विरोध र बाझाबाझा, देशभर चर्केको आन्दोलनमा प्रहरी र आन्दोलनकारी भएको झडप, हाइनरिख र गुण्डाहरूबीच अस्पतालमा भएको भनाभन, हाइनरिखको अपहरण र कुटपिट यस उपन्यासभित्र आएका बाह्य द्वन्द्व हुन् ।

उपन्यासमा बाह्य द्वन्द्वको उपस्थिति अलि हल्का देखापर्छ । देशलाई अधोगति लगाउन तम्सेका व्यवस्थाद्वारा पोषित विवेकहीन भ्रष्ट गिरोहको विरूद्धमा लड्ने असल पात्र हाइनरिख, कृष्णराज, डा. कोमल, इलेन जस्ताको विरोध अलि कडा नहुनाले, अर्थात् तिनको स्वभाव अन्तर्मुखी भैदिनाले द्वन्द्व सफल छैन ।

उपन्यासको कथानकमा कुतूहलको निर्वाह पनि भएकै छ । अध्ययनको क्रममा घनिष्टता बढेकोले लक्ष्मीको आदर्श आभाषलाई पछ्याउँदै नेपाल आएको हाइनरिखकको भेट लक्ष्मीसँग हुन्छ कि हुँदैन भन्ने कुतूहल उपन्यासको अन्त्यसम्म पाठकमा जन्मन्छ । राणाहरूको अवैध व्यवसायको चकाचर्कीको विरूद्धमा कोही खडा होला कि नहोला, कृष्णराजा, इलेन र हाइनरिखको विद्रोहले विराट् रूप लेला कि लपस्तरो भएर बीचैमा हराउँला, हाइनरिख राणाहरूको दुर्गन्धित दलदलबाट मुक्त हुन सक्ला कि नसक्ला इलेन र हाइनरिख कृष्णराजासँग गोप्य रूपमा भेटेको थाहा पाएर चम्पकले के गर्ला, देशव्यापी आन्दोलनले कुन मोड लेला, हाइनरिख एक्कासी हराउँदा

कसले के गऱ्यो होला, जिउँदै छ कि मऱ्यो होला, उपचारार्थ काठमाडौं लगिएको ऊ बाँच्ला कि मर्ला जस्ता कुतूहलयुक्त कुराहरू उपन्यासमा आएका छन् ।

### ४.१.४ कथानकको ढाँचा

सागर उर्लन्छ सागरमाथा छुन उपन्यासमा वर्तमान तथा अतीतका घटनाको सँगसँगै प्रस्तुति भएको छ । कथानक श्रृङ्खलाबद्ध आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अगाडि नबढेर वृत्ताकारीय ढाँचामा अगाडि बढेको छ । वृत्ताकारीय ढाँचाको कथानकमा कथानकका अङ्गलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा राख्दा क्रमबद्धतामा विचलन आउँछ ।[७९] कथानक भन्दा आलोचना तथा विद्वेषका कुरा ठेलमठेल भएर आएकोले प्रसङ्ग जोडिने र टुट्ने क्रम पनि त्यत्तिकै भएको छ । हाइनरिखलाई प्रमुख पात्र बनाएर नेपालको पञ्चायती व्यवस्थामा नेपालको भत्कँदो र बिग्रँदो अर्थव्यवस्था, पतनोन्मुख संस्कृति, सामाजीकीकरण र संस्थागत हुँदै गइरहेका हत्या, लुट, आतङ्क, बलात्कारका घटना उपन्यासमा प्रमुख रूपमा तात्कालिक शैलीमा प्रस्तुत छन् । त्यस्तै पूर्वकालिक प्रसङ्गमा हाइनरिखको दुःखद वाल्यकाल, अमेरिकी अहम् तथा आडम्बर र इष्टवेष्ट सेन्टरमा लक्ष्मीसँगको अध्ययन र हवाइ टापुमा जाँदा बसेको घनिष्ट सम्बन्ध तथा हार्दिक कुराकानी बीचमा आएका छन् । अत्यन्त भावात्मक वर्णन कौशलले कथानको सहज विकास भएको छैन । कतिपय आवश्यक भन्दा बढी कुरा र कतै एउटै कुरा, एउटै विषयको पुनरावृत्तिले पनि कथानकको ढाँचा साँच्चै नै वृत्ताकारीय लाग्छ ।

## ४.२. संरचना

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा नेपालको पञ्चायती शासनकालमा दरबारका नाइकेहरूको तथा सम्भ्रान्त वर्गका अत्यन्तै खराब आचरण र तिनले सम्पन्न गरेका जनघाती एवं राष्ट्रघाती कुकृत्यहरूको झलकले उपन्यास संरचित छ । बीचबीचमा हाइनरिख र लक्ष्मीको हवाइ टापुमा भएका हार्दिक कुराकानीको शब्द

---

[७९] एजेन, पृ. ४७ ।

चित्रात्मक संस्मरणले उपन्यासलाई रोचक बनाएको छ । हाइनरिखको डायरी तथा इलेन र उसका चिठीहरू पनि उपन्यासमा समेटिएको छ ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास विशालकायको उपन्यास हो । यसको बाह्य संरचना जम्मा ३५२ पृष्ठ र ११ खण्डहरूबाट संरचित छ । प्रत्येक खण्डलाई 'एक' 'दुई' भनेर नाम दिइएको छ । उपन्यासको खण्डगत वितरण अत्यन्त असमान किसिमको छ । यसको सातौं खण्ड जम्मा १० पृष्ठमा संरचित छ भने खण्ड 'एघार' १३९ पृष्ठमा संरचित छ । खण्ड 'एक' मा हाइनरिख विमानबाट काठमाडौं अवतरण गर्न लाग्दाको अवस्थादेखि होटल खोजेर बस्दासम्म र पूर्वस्मृतिमा फैलिएको कुरालाई जोडिएको छ । यसरी पूर्वकालिक प्रसङ्गसँग जोडिएको कथाकले हाइनरिखको लक्ष्मीसँग 'इष्टवेष्ट सेन्टर' को अध्ययन, हवाइ टापुमा विदा मनाउन जाँदाको घनिष्टता, हाइनरिखको बाल्यकाल, अमेरिकी धनबलको आडम्बर, त्यहाँका अमानवीय क्रियाकलाप, यसले गर्दा उसमा नेपालदेशप्रति बढेको आकर्षक तथा सम्मोहन, नेपालप्रति व्यक्त गरेको श्रद्धा र सद्भाव खण्ड 'दुई' र 'तीन' मा प्रस्तुत छ । खण्ड …चारÚ काठमाडौंमा मौलाउँदै गएका विकृतिपूर्ण सभ्यता, नेपालीहरूमा छाएको छाडा संस्कृति तथा व्यभिचारी प्रवृत्ति हराउँदै गएको नेपालीपन, नैतिकताको क्रयविक्रय आदिको चर्चा र रेमण्ड राणासँगको हाइनरिखका भेटघाटका कुराबाट संरचित छ । खण्ड 'पाँच' मा हाइनरिख पशुपतिनाथ, स्वयम्भू, बौद्धमन्दिर जस्ता धार्मिक ठाउँमा घुम्न जाँदा त्यहाँ देखेका अनेक कुकृत्य, सस्ता मनोरञ्जन, जाँड, जुँवा, जारी, ठगी, चोरीका दृश्यको वर्णन, हाइनरिखको चम्पक र छोरी इलेनसँग परिचय, चम्पक-रेमण्डले दरबारको संरक्षणमा निर्वाध रूपमा सम्पन्न गरिरहेको अवैध व्यवसाय आदिको निन्दापूर्ण टिप्पणी प्रस्तुत छ । खण्ड 'छ' मा हाइनरिख र अमेरिकी दुतावासको कर्मचारी जानको भेट, जानले बताएका यहाँका अभिजातहरूको अहम्, दुष्कर, मनोवृत्ति, जनताबीच भएको विकराल गरिबीको सन्दर्भ र हाइनरिखले अध्ययन गरेका १९९७, २००७, २०१५, २०३६ सालका नेपालका पछिल्ला प्रमुख राजनीतिक घटनाहरू केलाइएको छ । खण्ड 'सात' मा जानले नेपालीप्रति घृणित दृष्टि राख्दै यहाँको उत्थान पतनसँग सरोकार नराख्न हाइनरिखलाई दिएको सल्लाह छ । राणाहरूको व्यावसायिक

प्रीतिभोज, त्यसमा कृष्णराजाको आकस्मिक प्रवेश र उसले त्यहाँका नराधमीहरूलाई चोटिला, व्यङ्ग्यवाणद्वारा गरेका आलोचनाले खण्ड 'आठ' रोमाञ्चपूर्ण बनेको छ । खण्ड 'नौं' मा हाइनरिखको मनोहारी र भावुक डायरी प्रस्तुत छ । खण्ड 'दश' नेपालीले भिरेका पश्चिमाहरूको जडाउरी संस्कृति र जानले नेपालप्रति व्यक्त गरेका भोगवादी एवं अराजक कुराहरूको व्याख्या छ ।

खण्ड 'एघार' आयाम तथा सार पक्षका दृष्टिले ठूलो र महत्वपूर्ण खण्ड हो । चम्पक राणाले 'ड्रग-ल्याब' को मुख्य इन्चार्जको रूपमा हाइनरिखलाई छान्नु, सम्भ्रान्त वर्गबाट सञ्चालित र दरबारबाट संरक्षित अवैध कारोबार बिनारोकटोक सम्पन्न भएका घटना यस खण्डमा चित्रित छन् । त्यस्तै विनास हुँदै गएका बहुमूल्य सम्पदा, सर्वत्र फैलिएको हत्या, लुट, आतङ्क, बलात्कार, जनताका बीच भोकमरी, रोग, असुरक्षा, ठगी, महङ्गी तथा कालोबजारीले पारेको तहसनहसको कहालीलाग्दो चित्रण यस खण्डमा छ । बाबुका कुकर्मबाट निर्लिप्त रहेकी इलेनको विरोधी विचारको खुलासा, चम्पकको घातक व्यवसायमा फस्नुपर्दा हाइनरिखको ग्लानि, कृष्णराजाको सहयोगमा राणाको जनघाती कुकर्मबाट उम्केर पश्चिम नेपालको विकट अस्पतालमा जनसेवाका लागि हाइनरिखको गमन, जनतामा पञ्चायती शासन विरुद्ध फैलिएको चेतना, देशव्यापी रूपमा चर्किएको आन्दोलन, चरम सरकारी दमन,हाइनरिखले अस्पतालमा घाइतेको उपचार गरे वापत पाएको धम्की भएको अपहरण र कुटपिट हुनुपरेको घटनाहरूद्वारा खण्ड 'एघार' संरचित छ ।

## ४.३ चरित्रचित्रण

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा बहुल पात्रको प्रयोग छ । भिन्दाभिन्दै प्रवृत्ति बोकेका थुप्रै पात्रहरूको जमघट उपन्यासमा भएको छ । यसका मुख्य पात्रहरूको परस्पर विपरीत प्रवृत्ति तथा तिनका सशक्त कार्यव्यापारले द्वन्द्वको स्थिति पैदा भएको छ । उपन्यासमा हाइनरिख, चम्पक राणा, इलेन, रेमण्ड, कृष्णाराजा जस्ता पात्रका कार्यव्यापार तथा संवाद सबलताका साथ प्रस्तुत छन् । तिनै पात्र प्रमुख मञ्चीय पात्रको रूपमा रहेका छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत

गर्ने पात्र मञ्चीय हुन्छ ।[८०] कथानकलाई अगाडि बढाउन सहायक पात्रको रूपमा वा कम भूमिका लिएर मञ्चीय पात्रकै रूपमा आउने पात्रहरू मीरा, डा. कोमलमान, लक्ष्मी शाह, चेतना हुन् ।

यसैगरी मञ्चीय रूपमा उपन्यासमा कुनै पाना तथा परिच्छेदमा देखा पर्दै विलाउँदै गरेका तर नेपथ्यमा अहम् भूमिका खेल्न सक्ने पात्रहरूमा चम्पक गिरोहका तथा भ्रष्ट व्यवस्थाले तैनाथ गरेका व्यक्तिहरू गजेश्वर भट्ट (परराष्ट्र मन्त्रालयको सचिव) मोटे भुँडेवाल (भारतीय व्यापारी) बुद्धबहादुर गुरूङ्ग, (प्रहरी डि.एस.पी) मुक्ति बोहरा, ईश्वरीमान, दधिराज कोइराला, सिडियो विलास, विक्रम प्रहरी अधिकृत, हाइनरिखलाई धम्की दिने तथा कुट्ने गुण्डा आदि रहेका छन् ।

त्यस्तै न्यून मञ्चीय भूमिकाकै भ्रष्ट नीतिका विरुद्ध लाग्ने तथा अन्य पात्रहरूमा शङ्कर, विनय, मीना, शेखर, विनोद, दलवीर, गोरे बैठके, ददा, पिप्पी लक्ष्मी थकाल्नी आदि रहेका छन् ।

चर्चामा मात्र आएका नेपथ्यीय पात्रहरू पनि उपन्यासमा थुप्रै छन् । कथयिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ ।[८१] निरङ्कुश व्यवस्थाका आउरेबाउरे र त्यसका विरुद्ध लड्नेका साथै उत्पीडन भोग्न विवश पात्र पनि पर्दछन्- कन्दर्प शमशेर, हाइनरिखले काम गर्ने अस्पतालका नर्सहरू मीरा, सरिता, गीता, कविता, सङ्गीता, त्यस्तै गरी वा गोली लागी मरेकी १५ दिनकी सुत्केरी, गहूँ बनाउदै गरेकी आइमाई, लाहुरे र जनआन्दोलनमा सरिक सम्पूर्ण नागरिक विद्यार्थी, डाक्टर लेखक, कलाकार, वकिल, प्राध्यापक, बुद्धिजीवी आदि छन् ।

केही मुख्य पात्रहरूका विशेषतालाई अलगअलग राखेर स्पष्ट पार्न सकिन्छ ।

---

[८०] कृष्ण हरि बराल र नेत्र एटम्, पृ. २५ ।

[८१] ऐजन्, पृ. २८ ।

### ४.३.१ हाइनरिख

हाइनरिख वेन गोल्डमेन पूरा नाम गरेको यो विदेशी पात्र उपन्यासको नायक हो । जर्मनीमा जन्मेर अमेरिकाको न्यूयोर्क शहरमा हुर्केको हाइनरिख सानै हुँदा आमाको मृत्यु भएकोले टुहुरो व्यक्ति हो । बाबुको रूखोपन र यहुदी विरोधी इसाइका बच्चाहरूको दमनबाट पीडित पात्र हो । इष्टवेष्ट सेन्टरमा मेडिकल साइन्स पढ्दा लक्ष्मीसँग हवाइ टापुमा विदा मनाउन जाँदाको घनिष्टताले उसमा लक्ष्मी र नेपाल प्रति अगाध माया र सद्भाव जन्माउँछ । ऊ भन्छ

*"... त्यहाँको संघर्षमा आगो हुँदैन होला, बारूदको गन्ध हुँदैन होला त्यहाँको संघर्षमा हिमालको शीतलता र बुद्धको दर्शनको शान्तिपूर्ण संघर्ष होला ..."* (सागर उर्लन्छ ...पृ.२९) परस्त्रीहरूको साथमा पनि अत्यन्तै संयमित र धीर देखिने ऊ नारीहरूको उचित सम्मान र आदर गर्नुपर्छ भन्ने मान्यता राख्ने व्यक्ति हो । उपन्यासमा उसले लक्ष्मी, इलेन, चेतनाहरूको साथमा नेपाली संस्कारको आदर्श सिकेको छ । शान्ति, सच्चरित्रता, मानवता भनेपछि हुरूक्कै हुने हाइनरिख आफ्नो देशको यान्त्रिक तथा ध्वंसात्मक सभ्यता, मानवताविरुद्धका लडाई आदिबाट वाक्क भएको छ । त्यसैले  शान्त तथा शीतल नेपालतिर यहीको माटोमा जीवन बिताउन पलायित भएको पात्र हो । व्यक्तिगत सुख, सुविधाा र सम्पत्ति भन्दा परसेवामा समर्पित रहन चाहने निष्कपट तथा निस्वार्थी गुण उसमा निहित छ । छातीभरि माया साँचेको, उन्नति तथा प्रगति चाहेको देश नेपालमा उसले पहिलो चोटी आफ्नै देशका थोत्रा जडाउरी संस्कृतिको बिगविगी देख्छ । ऊ एकपटक बेचैन हुन्छ । उसले राणाहरूको पेइङगेष्टका रूपमा बस्दा त्यहाँ चम्पकले निर्वाध रूपमा सम्पन्न गरेको अवैध वस्तुहरूको चोरी निकासी, प्रचारप्रसार तथा विक्रीवितरणले नेपाल सानो तर सुन्दर देशको अर्थतन्त्रमा आँच आएको र जनताको पसिनाको हिनामिना भएको बोध गर्छ । यसबाट ऊ अत्यन्त विक्षिप्त पनि बनेको छ । तर अज्ञात रूपमा हाइनरिख पनि त्यस्तो जघन्य आपराधिक क्रियाकलापमा फसाइएको हुन्छ । त्यहाँ अकुत सम्पत्ति, सुविधा तथा विलासी जीवनको सम्भावना हुँदाहुँदै पनि उसले नेपालीलाई अन्धकारमा धकेल्ने त्यस्तो नीच एवं नालायक धन्दामा अनाहकमा फस्दा छट्पटाउँछ≤  आफैलाई धिक्कार्छ≤

त्यसबाट छुटकारा  पाउन उसले अमेरिकी दूतावास, इलेन, कृष्णराजाहरूसँग बारम्बार गुहार माग्छ । ऊ इलेनसँग भन्छ

*“म तिम्रो पारिवारिक आपराधिक मामलामा मुछिएर यो मैले मन पराएको देश, यसका  निरीह जनताको सर्वनाशको निमित्त बन्न चाहन्नँ । तिम्रो बुबाको अदृश्य पकडदेखि छुटकारा पाउन मेरो आमा छटपटाइरहेछ । तर म कुनै बाटो पाउन्न । (सागर उर्लन्छ ... पृ.२३०)।*

यस्तैः हाइनरिख कृष्णराजासँग यसो भन्छ-

*“... अब त मेरो निर्णायक घडी भएको छ । कृष्णजी तपाइलाई थाहा छ, म आज कुन चक्रव्यूहमा फसेको छु । अब यो स्थिति मेरो लागि एक पल पनि असह्य छ । ... जुनसुकै मूल्यमा पनि म आफ्नो स्वतनत्रता खरीद गर्न चाहान्छु ।” (सागर उर्लन्छ ... पृ. २३०)*

आफूलाई जतिसुकै गाह्रोसाह्रो परे पनि नेपाल र नेपालीप्रति उसले कहिल्यै कुमलो चिताएको छैन । आफूले देखेका र सुनेका कुनै वर्ग तथा केही व्यक्तिका प्रवृत्तिलाई आधार बनाएर सबै जातिका बारेमा सोच बनाउनु हुन्न भन्ने उसको मान्यता छ । शरीर सङ्कटमा पारेरै पनि अधर्मी राणाहरूको दलदलबाट उम्केर हाइनरिख पश्चिम नेपालको विकट गाउँको अस्पतालमा अत्यन्त न्यून शुल्कमा जनताको उपचार सेवामा अहोरात्र खट्छ । त्यहाँ गाउँको अस्पतालमा जनताको उपचार सेवामा जान्छ । त्यहाँ उसले गरेका राम्रा काम, निस्वार्थी सेवा बापत पञ्चायती मण्डलेहरूले उसलाई धम्की दिँदा त्यस्ता नाजायज  कुराको विरोध गर्छ । अस्पताल आउँदा मान्छे कुनै वाद र विचार लिएर नभई विमार लिएर आउँछ भन्दै आफ्नो पेसाप्रति वफादार र कर्तव्यप्रति निष्ठावान् रहन्छ । यसले गर्दा एकदिन अपहरणमा गरेर मरणासन्न हुने गरी पिटाई खाएको हाइनरिख छाँगाबाट खसाइएको हुन्छ र भोलिपल्ट टिचिङ अस्पताल उपचारार्थ जाँदा त्यहाँ होस खुलेपछि लक्ष्मीलाई देखेर बोलाउँछ तर लक्ष्मी चिनिन चाहन्नँ । हाइनरिखलाई ज्यादै पिरो अनुभूति हुन्छ । ऊ नर्स चेतनाको साथमा उपचार गराउँदै गरेको हुन्छ ।

यसप्रकार हाइनरिखको उपस्थिति उपन्यासको सुरुदेखि अन्त्यसम्म भएकोले, उसकै अनुभव र आदर्शको केन्द्रीयतामा उपन्यासको कथानक घुमेकोले ऊ यसको केन्द्रीय तथा प्रमुख पात्र हो, उपन्यासको नायक हो । उसको निस्वार्थ, परसेवी तथा सद्भावयुक्त सकारात्मक प्रवृतिले गर्दा उसले पाठकको सहानुभूति सुरुदेखि अन्त्यसम्म प्रशस्तै पाएको छ, त्यसैले ऊ अनुकूल पात्र हो । आफ्नो जीवनको विचार तथा आदर्शमा कही कतै (उपन्यासभर) विचलित नभएकोले अगतिशील पात्र हो । आनीबानीमा कही खोट लगाउन नमिल्ने, आपतमा पनि उत्तेजित नहुने धीर र पवित्र व्यक्ति ऊ एउटा सन्देश दिने आदर्शपात्र हो । आफ्नो मुलुकका कोलाहल, छट्पटी औडाहा देखि टाढा रहन नेपालतिर पलायित भएको हाइनरिखको स्वभाव अन्तर्मुखी छ । जीवन सपाट र सहज तवरले नै अगाडि बढेको बुझ्न सकिने ऊ च्याप्टो पात्र हो । एउटा विदेशी युवक जसले नेपालप्रति राखेका अनन्त सद्भाव र खेलेको सकारात्मक भूमिकाले, प्रदेशप्रति मरिमेट्ने, जीउज्यान सुविधा, सम्पत्ति नभन्ने हाइनरिख रमेश विकलको नौलो सृजना हो; मौलिक पात्र हो ।

### ४.३.२ चम्पक राणा

चम्पक राणा पञ्चायती पतित व्यवस्थाका तिक्डमबाजीहरू र अभिजातवर्ग का जाली तस्करी व्यक्तिहरूको प्रतिनिधि चरित्र हो । रातारात देशका बहुमूल्य बस्तुहरू विदेश पठाउने तथा बाहिरबाट लागूपदार्थ झिकाएर देशभर विक्रीवितरण जस्ता दुईनम्वरी आपराधिक धन्दाबाट अकुत सम्पत्ति जोर्ने व्यक्ति हो । राज्यव्यवस्थाको संरक्षण तथा विदेशी साठँगाठँ र सहयोगमा प्रशस्त जनघाती कुकृत्यहरू सञ्चालन गर्ने चम्पककै रोहवरमा हत्या, लुट, हिंसा, बलात्कार, आतङ्क जस्ता अमानवीय कामहरू जनसमाजमा हुने गर्छन् । उपन्यासमा खलपात्रको भूमिकामा देखिएको चम्पकको व्यक्तित्व उपन्यास पढ्दैमा भयानक र आतङ्कारी लाग्छ-

*"... झण्डै छ फुटको फलामे कद, उच्च र प्रशस्त निधार, बडेबडे गोडभेडा जस्तो आँखा, झुसिल्कीरा जस्ता मोटा आँखी भौं, कलप लगाएर कालो बाक्लो*

*खातापाता सहितको दाह्री र केश खुम्चिएको भव्य अनुहारको पुरातात्विक जीवित नमूना जस्तो ।..." (सागर उर्लन्छ .......पृ. ९६)*

चम्पक राणा उपन्यासभर देशको आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक जस्ता संवेदनशील पक्षलाई भित्रैभित्रै कोपरेर धुजा-धुजा पार्ने कुख्यात पात्रको रूपमा देखिएको छ । उसमा द्रव्यपिचासी, दुष्ट तथा भ्रष्ट नियत बोकेका अभिजात वर्गहरूको समुच्च चरित्र प्रतिबिम्बित छ । २००७ सालको जनआन्दोलन पछिको प्रजातान्त्रिक वातावरणबाट चम्पक पराजित र विकृत मनस्थितिको जस्तो लाग्छ । देशभर जनता पञ्चायती दमन, महङ्गी, गरिवी, कालोबजारीले फिटीफिटी पर्दा तिनैको पसिना चुसी, तिनैलाई ठगेर अवैध कारोबार गर्ने चम्पक देश र जनताको भविष्यमा तेजाब छर्कने कलङ्कित व्यक्ति हो । प्राइममिनिष्टर खानदानका हौं भन्दै दावी गर्ने चम्पक राणा २००७ सालको परिवर्तनलाई सपना उडाउने आँधी सम्झन्छ । आफ्नो हाँक, रवाफ, हैकम देशका सम्पूर्ण प्रशासनिक संयन्त्रमा फैलाएको राणा छोरीको सम्बन्ध शाह खलकसँग जोडेर अझै ठूलो स्वार्थपूर्ति गर्ने सुरमा लागेको छ । ऊ भन्छ,-

*"मैले चाहेर राजनीतिमा उत्रे भने म भोलि  प्राइममिनिष्टर बन्न सक्छु । तर मैले प्राइममिनिष्टर बनेर आफ्नो र आफ्नो खानदानको हितमा जे गर्न सक्छु, त्यो भन्दा बेसी नै आजका यी सरकार चलाउने बाँदरहरूलाई मादलका तालमा नचाएर गर्न सक्छु ...नचाइरहेकैछु । एउटै धोको बाँकी छ  अब इलेनको सम्बन्ध राजघरानामा गराउन पाए । मेरो धोको पूरा भयो भने ...(सागर उर्लन्छ ...पृ. ९८)" ।*

कानुनको शिर समातेर जता भन्यो त्यतै नचाउने चम्पक राणा पञ्चायती व्यवस्थाको भरथेग गर्ने नवधनीक वर्गको व्यक्ति हो । देशका वनसम्पदा तथा अन्य प्राकृतिक सम्पदाहरूलाई आफ्नै भकारीको अन्न जस्तै भोगचलन गर्ने उसको बानी परेको छ । यस्तो आततायी व्यक्तिसँग सरकारका उच्च पदस्थ कर्मचारी अनि कानुनी जिम्मा लिएर बसेका व्यक्ति पनि जनम्‌जनम्‌का कमारा झै शिर झुकाउँछन् ।  उसको आज्ञा नभई कही कतै कुनै काम भयो भने त्यहाँ जनताको ज्यूधनको उत्तिखेरै सत्यानाश  भएको छ । यस सम्वन्धमा उसकी छोरी इलेन भन्छे-

*"…. मेरो बुबाको पकडमा एकपल्ट परेर छुटकारा पाउन खोज्दा कति मानिसले संसारबाटै विदा पाएको मैले मौन आँखाले देखेकी छु ।… (सागर उर्लन्छ …पृ. २३०)*

देशको शासन शक्ति र सत्तालाई खैचेर आफूमा सीमित पार्ने चम्पकले विदेशी नागरिक हाइनरिखलाई समेत आफ्नो कर्तुतको फन्दामा फसाएको छ । हाइनरिख भागेर दुर्गम क्षेत्रतिर जाँदा, भाइको छोरा कृष्णराजा र आफ्नै छोरी इलेनले पनि घृणित पेशाप्रति वितृष्णा जनाउँदासम्म ऊ आफ्ना ज्यानमारा व्यवसायमा टसकोमस नभई लागिरहन्छ ।

यसप्रकार चम्पक राणा यस उपन्यासमा खराव व्यवस्था र प्रवृत्तिको प्रतिनिधि बनेर आएकोले उसको उपस्थिति उपन्यासको पूरैजसो भागमा छ त्यसो हुनाले ऊ प्रमुख मञ्चीय खलपात्रको रूपमा छ । देशभर अवैध तथा दुई नम्बरी कालोधन्दा गरेर आतङ्क, हत्या, हिंसा, लुट, बलात्कार, चोरी जस्ता जघन्य अपराध फैलाउने, कोलाहल मञ्चाउने चम्पक राणा बर्हिमुखी पात्र हो । यस्ता जनघाती  र राष्ट्रघाती विकृतिहरूको संचालन गर्ने ऊ उपन्यासको प्रतिकूल पात्र हो, उसको यस्तो नियतमा कही कतै विचलन नआएकोले गतिहीन पात्र नै हो । यसप्रकारको मतिहीन गिरोहहरू समाजमा प्रशस्तै पाइने अर्थात् चम्पकले वास्तविक संसारकै प्रतिनिधित्व गरेकोले यथार्थ पात्र हो । चम्पकले जीवनलाई तस्करी र अपराधीबाहेक कुनै परिवर्तित विशेषतामा पुऱ्याएको छैन । त्यसैले ऊ च्याप्टो पात्र नै हो ।

### ४.३.३ रेमण्ड राणा

रेमण्ड राणा चम्पक राणाको भाइ हो । ऊ पनि दाजु जस्तै धुर्त, फटाहा तथा तस्कर गिरोहको नाइके हो । देशमा व्याप्त हत्या, लुट, आतङ्क बलात्कार, लागू औषध खरिद बिक्री जस्ता बर्बर अपराधहरू अबाध रूपमा सञ्चालन गर्न दाजुलाई सल्लाह दिने पात्र हो । ऊ दिनभरि डुलेर आफूहरूको प्रपञ्चमा युवायुवतीलाई फसाउन चियो चर्चो गर्दै हिड्छ । चिल्ला कुरा गरेर मौकाको फाइदा उठाउने धनाढ्य वर्गको प्रतिनिधि व्यक्ति रेमण्ड हाइनरिखलाई पनि अवैध व्यवसायमा संलग्न गराइछाड्छ । देशको

संस्कृति र सभ्यता पाखे र दरिद्र ठान्ने रेमण्ड नेपाली जनतालाई रछ्यानका कीरा सम्झन्छ ।

विदेशी गोरो छाला भनेपछि त्यसको पूजा गर्न पनि पछि नपर्ने रेमण्ड जन्मदै धनीहरूको गोडा धुने र गरिबको बुई चढ्ने संस्कारको मान्छे हो । इाइनरिखलाई पेइङ्गेष्टका रूपमा उसको महलमा राख्नुमा उसको घटिया सोच  देखिन्छ । ऊ भन्छ-

*"एउटासम्म देशको सभ्य नागरिकको सहवासले इलेनको बौद्धिक तथा मानसिक उत्थान हुन्छ, स्वभाव र प्रकृतिमा परिमार्जन हुन्छ;... उसको सङ्गत पाएर उसले आफूलाई बढी सभ्य र सामाजिक बनाउँछे । ...त्यसमाथि हाइनिरख खुदै पनि हाम्रो फरेन बिजेनसमा मदतगार बन्न सक्छ, हामी उसलाई बिजनेसमा युटिलाइज गर्न सक्छौं ।" (सागर उर्लन्छ ...पृ.११३)*

यसप्रकार रेमण्ड राणा उपन्यासमा नकारात्मक, घटिया क्रियाकलाप तथा सोचमा उद्यत देखिएकोले प्रतिकूल पात्र हो । यही किसिमको दृष्प्रवृत्ति उपन्यासभर रही रहेकोले गतिहीन पात्र हो । हुँर्कदै गएको आजको विकृत समाजमा यस्ता चरित्र छ्यापछ्याप्ती पाइने हुनाले यथार्थ  तथा सार्वभौम पात्र हो ।

### ४.३.४ इलेन राणा

इलेन राणाको वास्तविक नाम ममताराज्य लक्ष्मी राणा हो । ऊ सानै हुँदा आमाको मृत्यु भएकाले मातृस्नेहबाट वञ्चित इलेन चम्पक राणाकी एक मात्र सन्तान हो । सुरुमा देखिदा बालसुलभ प्रकृतिकी, स्वच्छन्द, चञ्चले र उन्मुक्त स्वभावकी इलेनको पछाडि देखिएको उच्च विचार, बौद्धिक बहस, विद्रोही चेतना तथा दयार्द्र भावनाले पाठकलाई आकर्षित गर्छ । अभिजात राणा परिवारको खानदानी संस्कारमा एकमात्र सन्तानको रूपमा जन्मेकी भएर पनि इलेनमा कुनै किसिमको बडप्पन, अहम् तथा घमण्ड देखिदैन । कुत्सित महÎवाकांक्षी एवं संकीर्ण स्वार्थान्ध पारिवारिक परिवेशमा हुर्केर पनि त्यसबाट नधमिलिई पवित्र र महान् विचारयुक्त बन्नु उसको विशेषता हो । बाबु चम्पक राणाबाट हुने गरेका अवैध, प्राणघाती एवं बर्बर अपराधैबाट

इलेन अत्यन्त आहत तथा स्तब्ध बनेकी छ । उसको यस चरित्रलाई हाइनरिखसँग भनेको यस भनाइले पुष्टि गर्छ ।

*"... मलाई मेरो बाबुको जघन्य अपराधप्रति कुनै रुचि छैन । ममा मेरो बाबुको हैन, आमाको खानदानी संस्कार छ । मेरी आमा एउटी मामुली खानदानमा हुर्केकी ज्यादै शीलवती नैतिक र धर्मभीरू चरित्रकी होइसिन्थ्यो । यो (सागर उर्लन्छ ... पृ. २३०)*

इलेन बाबुका दुस्कृत्यहरूको भित्रभित्रै घृणा गर्छे । उसमा विद्रोही चेतना छ तर त्यो ठीक तरिकाले फुटेर बाहिर आउन सकेको छैन । ऊ कृष्णराजालाई आफ्नो परिवारको अवैध तस्करी फन्दाबाट छुटकारा दिलाएर जनसेवामा लाग्ने कामको निमित्त ज्यादै सहयोगी देखिन्छे । यस कुराको चाल पाएर बाबु चम्पकले उसलाई धम्की दिँदा खुलेर चम्पक सामु प्रतिकार गर्छे-

*" म हजूरको महत्वाकांक्षा र क्रियाकलापसँग कुनै सरोकार राख्न इच्छुक छैन । ...हजूर र हजूरहरूजस्ताको क्षुद्र अहम्ले देशकै जातिकै घात गर्न तत्पर होइसिन्छ । आजसम्म हजूरको हैकम सहेर बाँचे । आफ्नो जन्म दिने बाबुको स्नेह र ममताले गर्दा ... तर ... (सागर उर्लन्छ ... २६८-२६९)*

देशका सामन्ती दलालहरूको नाइके बाबुको पनि यसरी विरोध गर्ने हिम्मत इलेनमा छ तर उपन्यासकारले उसको चरित्र निर्माणमा त्यति ध्यान पुऱ्याउन सकेका छैनन् । यत्तिको साहस र विद्रोह भएकी इलेन मन नपरी-नपरी बाबुका कर्तुत सहेर महलमै थुनिएर बसेकी छ । दाजु कृष्णराजासँग निस्केर बाबुको विरुद्धमा लड्न सकेकी छैन । यति सजग र सचेत भएर पनि बाबुले बलिकी बाखी बनाएर दरबारमा चढाउन थाल्दा चुपचाप सहेर बसिरहेकी छ ।

यसरी इलेन उपन्यासमा मञ्चीय भूमिका बढी भएकी महत्त्वपूर्ण र प्रभावकारी नारी चरित्र हो । सद्भावना, कल्याणकारी सोच एवं पवित्र मनोकामनाले गर्दा इलेनले पाठकको सहानुभूति निकै बटुल्न सक्छे त्यसैले ऊ अनुकूल पात्र हो । सुरुमा चञ्चले

स्वभावकी केटी पछि परिवर्तन भएकोले गतिशील, आफ्ना कुरा तत्काल भन्दै र बाहिरी सम्पर्कमा त्यति नआउने इलेन अन्तर्मुखी पात्र हो ।

४.३.५ लक्ष्मी शाह

लक्ष्मी शाह सागर उर्लन्छ सगरमाथा छुन उपन्यासकी नायिका हो । लक्ष्मीको उपस्थिति उपन्यासमा तत्कालिक सन्दर्भमा हेर्दा उपन्यासको अन्त्यमा मात्रै झुलुक्क देखापर्छ भने हाइनरिखको स्मरणसँग जोडिएर उपन्यासको प्रायः सबै खण्डमा तर पातलो रूपमा आएको छ । लक्ष्मी शाह नेपालकी उच्च वर्गीय शाह खानदानकी छोरी हो । ऊ मामाको अभिभावकत्वमा अमेरिका मेडिकल साइन्स अध्ययन गर्न गएकी छ । त्यहाँ इष्टवेष्ट सेन्टर होनोलुलुमा हाइनरिख सँगसँगै पढ्दा उनीहरूबीच घनिष्टता बढेको छ । लक्ष्मी हाइनरिखको मनमा अत्यन्त सुन्दर, शिष्ट, संयमित तथा मर्यादित नारीको रूपमा प्रतिबिम्बित भएकी छे । उसको शीलस्वभाव बानीव्यहोरा हिउँ झैं स्वच्छ देखिन्छ । लक्ष्मीको संयम्, संस्कार र मर्यादालाई हाइनरिख आफ्नो जीवनको दर्शन मान्छ । यसैमा लहरिदै नेपाल आउँछ । यता लक्ष्मी भने पढाई सकेर आइसकेपछि काठमाडौं मै पेशारत हुन्छे । हाइनरिखको सम्झना समेत गर्दिन । अमेरिकाका युनिभर्सिटीमा उसले छोँडेका आदर्श अभिजात वर्गको आडम्बर हुनपुग्छन् । यो कुरा आफ्नो देशको हितमा कामगर्दा पिटिनु परेको घाइते हाइनरिख (जो लक्ष्मीको आत्मीय मित्र थियो) ले बोलाउँदा पनि नबोली, नचिनिई हिड्नुले स्पष्ट पार्छ । बिरामीको स्थिति सन्तुलित राख्नलाई पनि एक बोली दिनुको सट्टा अन्तरङ्ग साथी बनेको व्यक्तिलाई लत्याएर हिड्नुले धनी वर्गको खस्कँदो चरित्रलाई स्पष्ट पारेको छ । उच्च र कुल घरानी लक्ष्मीले हाइनरिख जस्तो  कम हैसियत भएको मान्छेसँग बोल्दा शान र मानमा धक्का लाग्ने ठानेरै नबोलेकी हो । आफू अमेरिका जाँदा बिरानो मुलुकमा साथ दिएको मित्रलाई आफ्नो देशमा धेरै वर्षपछि त्यस्तो घाइते अवस्थामा देख्दा नबोल्नुले अभिजातहरूको खस्कँदो मानवतालाई सङ्केत गर्छ ।

यस प्रकार लक्ष्मी शाह उपन्यासमा आडम्बरी अहम्ले गर्दा आफ्नो चरित्रमा परिवर्तन ल्याएकोले गतिशील, बाहिरी सम्पर्कमा त्यति नरहने भित्रभित्रै रमाउने हुनाले

अन्तर्मुखी र सभ्भ्रान्त अवसरवादी चरित्रलाई बोककी हुनाले यथार्थ तथा वर्गीय पात्र हो ।

### ४.३.६ कृष्णराजा

कृष्णराजा चम्पक राणाको माइलो भाइको छोरा हो । उपन्यासमा संघर्षी, साहसी तथा उच्च मनोभावना भएको पात्रका रूपमा उसको उपस्थिति गराइएको छ । तर यति हुँदाहुँदै पनि ऊ लक्ष्यमा पुग्न सकेको छैन । देशभित्र मौलाइरहेको आपराधिक क्रियाकलापको विरुद्ध लड्ने देशभक्त र जनप्रेमी पात्रको रूपमा ऊ रहेको छ । पवित्र हृदयले अपराधको अन्त्य गरी देशलाई सुमार्गमा लैजाने उसको लक्ष्य छ । ठूलो बाबु (चम्पक) र काका(रमेण्ड)का अवैध व्यवसायिक तहल्का र त्यसबाट सृजित विषाक्त वातावरण खप्न नसकेर कृष्णराजा महलदेखि टाढा साँघुरो गल्लीमा डेरा गरी बसेको छ । देशलाई  कङ्गाल बनाउन लागेको तस्कर गिरोहको विरोधमा दरबारको विलासी र ऐयासी जीवनलाई लात मारेर हिडेको हो । ऊ त्यही कोठामा साथीहरूलाई निर्देशन दिने, आत्मबल बढाउने तथा भविष्यको कार्यक्रम निर्धारण गर्ने गर्छ । चम्पक गिरोहको शिकार बनेका, लागू पदार्थको सेवनमा बरालिएका चोरीमा फसाएका युवायुवतीको उद्धार गर्ने काम उसले प्रशस्त गरेको छ । जनचेतना र सङ्गठनको विस्तार गरेर अभिजात र दरबारियाहरूको सातो काढ्ने उसको लक्ष्य छ । यसलाई नजिक टाढाबाट प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने कैयन् जनता बनिसकेका छन् । कृष्णराजा चम्पक महलमा गएर अपराधी गिरोहको प्रितीभोजमा गएर निर्भीक बन्दै कडा  व्यङ्ग्य गर्छ । ठाडो विरोध समेत गर्छ । ऊ बाबुतिर फर्केर गर्जन्छ-

*तस्करी, लुट, बलात्कार, जस्ता सत्कर्म गर्न त हजूरहरूकै जस्तो ठूलो मुटु, ठूलो नाउँ र शक्ति चाहिन्छ । त्यस्तो शक्ति हजूरहरूकै परिभाषाको देशभक्तिको योजना सीमाभित्र मौलाउने वस्तु हुन् । (सागर ...पृ. १६९)*

*उसले हाइनरिखसँग भन्छ "...मसँग यिनीहरूले जनतामाथि प्रयोग गरेको पिस्तोल भन्दा बलियो हतियार छ - विचारको हतियार । यिनीहरूका भाडाका पल्टनका विरुद्ध लड्ने मेरो जनता पल्टन छ ।... (सागर उर्लन्छ ... पृ. १७३)*

दरवारदेखि गाउँघरसम्म संस्थागत र सामाजिकीकरण हुँदै गइरहेको समाजघाती एवं देशाघाती क्रियाकलापको विद्रोहमा लागेको कृष्णराजालाई लेखकले उपन्यासको अन्त्यसम्म साथ दिन सकेका छैनन् । उसको पक्षमा ध्यान नपुऱ्याएकोले उसमा जन्मेको वा टुसाएको क्रान्तिचेतना सुकेर गएको छ । कृष्णराजा बीचमा देखिएर बीचैमा हराएको छ । यसकारण यही पात्रको माध्यमबाट उपन्यास केही फितलो ठहर्छ ।

कृष्णराजा जनप्रेमी, साहसी, क्रान्तिकारी, अनुकूल, अगतिशील तथा यथार्थ पात्र हो ।

### ४.३.७ जान सेवास्टिनो

जान सेवास्टिनो अमेरिकी नागरिक तथा नेपालस्थित अमेरिकी दुतावासको कर्मचारी हो । हाइनरिख भिसाको म्याद सकिएर यतानउता हुँदा उसकहाँ सहयोग माग्न गएको छ । तर जान त्यसप्रति कत्ति पनि संवेदनशील हुन सकेको छैन । नेपालको अर्थनीति, राजनीतिको बारेमा निकै बुझे जस्तो गरेर उपेक्षाको भावमा प्यारप्यार बोलिरहने जान केही वर्षदेखि नेपालमा खाइखेलेको देखिन्छ । तर ऊ नेपाल र नेपालीप्रति कहिल्यै सकारात्मक हुन सकेको छैन । नेपालको राजनीति, अर्थनीति, परम्परा र प्रवृत्तिको बारेमा बढ्ता बुझेको दाबी गर्ने जान भन्छ -

*"यहाँका मानिसलाई बुद्धि भएर पनि बुद्धू बनाउने काम छ, फलामे स्वस्थ्य र सुन्दर शरीरलाई रोगी र कुप्रा बनाउने तरखर हुँदैछ, प्रबल नैतिकता भएका चरित्र इमानदारहरूलाई घोर अनैतिकता बेइमानीमा बाच्न बाध्य गराइदैछ ।" (सागर उर्लन्छ ... पृ. २०७)*

जानले हाइनरिखलाई पनि नेपाल मुलुकको बारेमा कुनै सरोकार तथा फिक्री नलिन सुझाव दिन्छ । जान उपन्यासमा वास्तवमा व्यक्तिपात्र भन्दा साम्राज्यवादी नीति भएको आफ्नो देश अमेरिकाको विचार र बोली बोल्ने प्रतिनिधि पात्र हो । ऊ हाइनरिखसँग भन्छ-

*"साँच्चै भनौं भने हामीलाई यस देशको नैतिक उत्थान पतनसँग कुनै सरोकार छैन ।... यिनीहरूसँग हाम्रो वास्ता केवल परेको बेला विश्वसामु हाम्रै स्वरमा भुकून् भन्नेसम्म मात्र सीमित छ ।" (सागर उर्लन्छ ...पृ. २१०)*

यस्तो सामन्ती तथा लुटाहा सोच भएको जान उपन्यासमा हीन, प्रतिकूल, प्रतिनिधिमूलक, बहिर्मुखी, गतिहीन, व्यभिचारी तथा यथार्थ पात्रको रूपमा उपस्थित छ ।

### ४.३.८ मीरा

मीरा उपन्यासको सुरुतिर देखापरेकी नारी चरित्र हो । हाइनरिख होटलमा बस्दा एक रात होटल मालिकद्वारा हाइनरिख कोठामा पठाएकी हुन्छे । मीरा मध्यवित्तीय परिवारमा जन्मे हुर्केकी जागिरे बाबुकी छोरी हो । विलासिताका अतिरिक्त आवश्यकता पूरा गर्ने, समाजमा तडकभडक देखाउने सम्भ्रान्त बेश्याका रूपमा उपन्यासमा मीरा आएकी छ । विदेशीहरूको हातमा सशुल्क शरीर सुम्पेर प्रशस्त धन बटुली इज्जतदार, सम्पन्न तथा सभ्य बन्ने उसको आकांक्षा देखिन्छ । नारीको सम्मान र कदर गर्ने हाइनरिखको पवित्र भावना एवं उच्च विचारबाट मीरा आफै नतमस्तक हुँदै जान्छे । पछि आफ्नो अभिजात्य, विलासी, परिपाटीदेखि विद्राही  हुन्छे ।

यसरी एकाएक चरित्रमा देखापरेका परिवर्तनले मीरा गतिशील, विवशताका लागि नभएर विलासिताका लागि बेश्यावृत्ति गर्ने उसले पाठकबाट सहानुभूति पाउन सक्दिन, त्यसैले प्रतिकूल, उसले अभिजात वर्गका केही व्यक्तिहरूको प्रतिनिधित्व गर्ने भएकाले प्रतिनिधि र यथार्थ तथा बाहिरी सांसारिक भद्रगोलमा रमाउने भएकोले बहिर्मुखी पात्र हो ।

### ४.३.९ डा. कोमलविक्रम

डा. कोमलविक्रम युवा अवस्थामा नै पत्नी गुमाएको सन्तानहीन एक्लो व्यक्ति हो । दुर्गम जिल्लाको अस्पतालमा अनेक बाधा, कष्ट सहे पनि जनताको उपचारमा संलग्न हार्दिक, स्नेही र मायालु पात्र हो । हाइनरिख उसको अस्पतालमा गै सकेपछि

अत्यन्तै स्नेह र ममता दिई आफ्नै सन्तानलाई जस्तो व्यवहार गर्छ र वस्तुस्थितिको बोध गराउँछ । डा. कोमल गाउँमा चेतना फैलाउने र जनसेवामा निस्वार्थ  लाग्ने, एवं व्यभिचारीहरूको विरोध गर्ने सकारात्मक, अन्तर्मुखी र यथार्थ पात्र हो ।

### ४.३.१० चेतना

चेतना काठमाडौंदेखि टाढा दुर्गम जिल्लाको एक अस्पतालकी नर्स हो । उपन्यासमा उसको उपस्थिति झण्डै अन्तिमतिर देखाइएको छ । ऊ डा. कोमल र हाइनरिखको साहचर्यमा अत्यन्त न्यून शुल्कमा जनसेवामा खटिएकी पात्र हो । गाउँले सीधा साधा, निष्कपट चेतनामा सम्पूर्ण मानवप्रति हार्दिक प्रेम र स्नेह छ । सामाजिक नियम मर्यादाको कदर गर्ने चेतना धीर, लजालु, संयमी र आदर्श देखिन्छे । सँगै कामगर्दा हाइनरिख र चेतनामा विस्तारै आत्मीयता बढदै गएको छ । ऊ हाइनरिख घाइते भएर अस्पताल लैजाँदा खुला हृदय, निस्वार्थ भाव तथा ममतामयी मनले सेवा सुश्रूषा गर्दछे ।

यसरी सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा विभिन्न प्रवृत्तिका पात्रहरूको जमघट गराइएको छ । यस उपन्यासको पात्र चयनमा नायकको रूपमा हाइनरिख वेन गोल्डमेन अमेरिकी संभ्यताको बौद्धिक संस्कृति आर्जन गरेको व्यक्ति रहेको छ । नायिकाहरूको हकमा लक्ष्मी, इलेन, चेतना, मीरा समेत चारजनाबाट परिपूर्ति भएको छ भने खलनायकीय भूमिकामा राष्ट्र, समाज, राष्ट्रिय, संस्कृति र सभ्यतालाई खण्डित तुल्याउने सम्पूर्ण तत्वको उपस्थिति छ । यसले गर्दा पात्र चयनमा नवीन प्रयत्न भएको छ । पञ्चायती व्यवस्थाको देशको विग्रँदो अवस्थालाई कलात्मक पाराले अङ्कन गर्न पात्रहरूको उचित्र संयोजन भएको छ । उपन्यासमा सकारात्मक तथा नकारात्मक पात्र अभिजात वर्गका र निम्न मध्यम वर्गका पात्रहरूको द्वन्द्वात्मक उपस्थिति छ । घृणित व्यवस्था एवं व्यक्तिहरूको विरुद्ध आवाज उठाउन पर्ने, त्यसमा सुधार गर्नुपर्ने चेतना उपन्यासमा भए पनि संघर्षी, संचेत र जागरूक व्यक्तिको अभावमा त्यो पूरा हुन सकेको छैन । कृष्णराजा हाइनरिख जस्ताको विद्रोही स्वर पनि उग्र रूपमा तातिएर उपन्यासको अन्त्यसम्म पुग्न सकेको छैन ।

शक्तिशाली चम्पक गिरोहको मनमरी र आतङ्क विरुद्ध उपन्यासकारले आफैले छानेका उच्च वर्गका पात्रहरूमाथि लेखक स्वयं विश्वस्त हुन सकेका छैनन् । उनीहरूमा आँट र जुभ्फारूपन भरेर अन्त्यसम्म विद्रोहलाई हिडाउन सकेको भए उपन्यास सबल र सफल हुन्थ्यो । खलपक्षको उपन्यास भर बिनारोकटोक बिगबिगी र अन्त्यमा पनि जित नै देखिएको छ । त्यसमा प्रतिपक्ष कमजोर भएकोले, तिनको महत्व र मूल्य उपन्यासकारले नबुभ्फेकोले उपन्यास कतै निरस पनि लाग्छ । पात्रको संयोजनमा एकपक्ष ज्यादा शक्तिशाली छ भने अर्कोलाई टिक्ने कुनै आधार छैन । त्यसैले कृष्णराजाको विद्रोही समूह अन्यायमा पर्नुले उपन्यासले पात्रको अदूरदर्शी चित्रणको प्रतिफल भोग्नुपरेको छ । ४.४ पर्यावरण

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास पञ्चायती पतित परिपाटी र त्यसवेला नेपालमा मौलाएका विकृत सभ्यता तथा बहुमूल्य वस्तुहरूको बढ्दो व्यापारको तीक्ष्ण आलोचना गरिएको उपन्यास हो । शासनको बागडोर समातेर बस्ने दुष्ट दरवारिया र तिनलाई बचाउने अभिजात राणाहरूको बसोबास रहेको काठमाडौं उपत्यका नै उपन्यासको प्रमुख घटनाहरू यही घटेका छन् साथै पात्रहरूको हिँडडुँल पनि यही नै देखिन्छ । उपन्यासमा कार्यस्थलको स्पष्ट परिचय पाइन्छ । कुनै ठाउँको नामै किटेर त कतै पात्रहरूको बोलीचाली, रहनसहन आदिले पनि शहर तथा गाउँको चिनारी दिएको छ ।

उपन्यासको प्रमुख पात्र हाइनरिख बसेको दरबारमार्ग स्थित पारस होटल र त्यस होटल तथा वारभित्र हुर्किंदै गरेको नेपालीको नाङ्गो सभ्यता, छाडा संस्कृति एवं कोलाहलको उपन्यासमा रोचक व्यङ्ग्य छ । त्यस्तै रत्नपार्क, त्रि-चन्द्र कलेज, रानीपोखरी, बौद्ध मन्दिर, पशुपतिनाथ आदि स्थलहरूमा भए गरेको दुर्गन्धित क्रियाकलाप, अमानवीय व्यवहारको प्रशस्त आलोचनात्मक अध्ययनले उपन्यासमा त्यहाँको परिवेश छर्लङ्ग भएको छ । हाइनरिख पेइङ गेष्टका रूपमा बसेको चम्पक रेमण्ड राणाको काठमाडौं भन्दा तीन माइल उत्तरतिर रहेको रमणीय भव्य महल परिसर उपन्यासले लिएको मूल कार्यथलो हो । त्यहाँबाट नै देशमा सञ्चालित आतङ्क अपहरण, हत्या, लुट, बलात्कार, अवैध व्यवसाय आदि जघन्य अपराधको योजना

तर्जुमा हुन्छन≤ जनघाती गिरोहको आत्मबल बढाउने र तिनलाई निर्देशन दिने काम हुन्छन् । यस्ता दुष्ट व्यक्तिहरूको विरुद्ध लड्ने कृष्णराजा बसेको गल्लीको साँघुरो कोठा, अमेरिकी दूतावास जस्ता ठाउँहरूमा पनि कथानक हिडेको छ । यसबाहेक हाइनरिख बसेको न्यूयोर्क शहर, पढेको स्कुल, मेडिकल साइन्स पढ्दाको इष्टवेष्ट सेन्दर युनिभर्सिटी, विदा मनाउन लक्ष्मीसँग गएको हवाइ टापु, सिटी अफ रिफ्युज कथानकको पूर्वकालिक सन्दर्भमा आएका स्थालगत परिवेश हुन् । त्यस्तै हाइनरिख गएको सुदूर पश्चिम गाउँको अस्पताल, त्यहाँका गाउँघर, त्यहाँ पुग्दा सम्म बाटोमा पर्ने डाँडा, पर्वत, खोला खोल्सा, चौतारो, ढुङ्गेधारा, उसलाई पिटेर फालेको खलङ्गाको भीर र उपचारार्थ ल्याएको काठमाडौं शिक्षण अस्पताल यस उपन्यासको कार्यस्थल हुन् ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कालगत परिवेश हेर्दा पञ्चायती शासनको अस्तव्यस्त व्यवस्थाले चरम रूपमा लिँदाको ३० र ४० को दशकको १७/१८ वर्ष हो । जन चाहना र हकहितका कुराहरूको सुइँको सम्म नपाइने त्यस बेला देशभरि फैलिएका योजनावद्ध आतङ्क, त्रास र भयको स्थितिको चित्रण छ । अभिजात वर्गका रातारात चोरी र तस्करीमा देशका बहुमूल्य सम्पदाको सत्यानाश गर्नमा र व्यवस्था स्वयं संरक्षक बनेको छ । तस्करी र हत्याराको विगविगी चलेको ३० को दशकदेखि जनचेतना फैलिएर देशमा आन्दोलको लहर चलेको तथा व्यापक सरकारी हस्तक्षेप भएको कुराले २०४७ सालसम्म कथानक तन्केको छ ।

यस उपन्यासको वातावरण मूलरूपमा विषाद र आक्रोशपूर्ण रहेको छ । उपन्यासका प्राय जसो खण्डमा वर्णित बुद्ध र हिमालको देश नेपालमा फस्टाउँदै गरेका छाडा र चित्कारमय संस्कृति, देहव्यापार, हत्या, हिंसा, आतङ्क, बलात्कार जस्ता दुष्कृत्यहरूको विवेचनाले पाठकको मनमा विषादीका रेखा देखा पर्दछन् । अभिजातका वर्ग देशका बहुमूल्य सम्पदाहरू चोरेर रातारात देशको सिमाना कटाइ, लागू पदार्थको नेपालभर व्यापक प्रचारप्रसार गरी बेचेर करोडौ रूपियाँ जम्मा गर्ने र अर्कातिर सर्वसाधारण वीच बाँकी रहेको महङ्गी, भोकमरी, गरिवी, बेरोजगारी, असुरक्षा, आतङ्क र अशान्तिको दर्दनाक स्थिति पढ्दा मनमा आक्रोश र विद्रोह जन्मन्छ । द्रव्यपिसाची

अभिजातप्रति घृणा र सर्वसाधारणप्रति सहानुभूतिको वातावरण सृजना हुन्छ । नातावाद र कृपावादले भ्रष्टहरू उच्च पदमा आसिन हुने र सर्वसाधारणलाई भने अलिकति आवाज उठायो भने देशद्रोहीको संज्ञा दिने त्यसबेलाको चलनले अर्काको देशमा आएर जनहितमा समर्पित हाइनरिखलाई कुटपिट गर्ने परिपाटीदेखि पाठक एकपटक रिसले आगो हुन्छ । देश र जनताको टाउकोमा रोडा जमाएर थिच्ने दूराचारीहरूका आपराधिक क्रियाकलाप सम्पन्न गर्ने अखडा भइ आर्थिक आँच हिनामिना हुन पुगेको देश टाट पल्टने भयले उपन्यास पढ्दासम्म त्यक्तिकै सताउँछ । यस्तो प्रकारका वातावरण सृजना गर्ने प्रस्तुति उपन्यासमा सुरुदेखि अन्त्यसम्म नियमित रूपमा पढ्न पाइन्छ । नमूना स्वरूप-

*"सत्तामा बस्ने केही भ्रष्ट पतनशील व्यक्तिहरू र तिनका शङ्खफुकुवाहरूको बाहेक सर्वसाधारण जनताको जीवन तलतल खँस्कँदै थियो । ... भ्रष्टाचारी र तस्करीले गर्दा देशको आर्थिक ढाँचा पूर्णता डाँवाडोल भैसकेको थियो । नेपाल आज आएर तस्करको देश, ठग र अल्छीको देशका नाउँमा कुख्यात हुँदै थियो ।" (सागर उर्लन्छ ... पृ. २९६)*

कुनै बखत उपन्यासमा हाइनरिख, कुष्णराजा तथा इलेन जस्ता पात्रका विद्रोही, साहसी, निर्भीक व्यङ्ग्य वचनले चम्पक गिरोहलाई अब त आत्थु आत्थु पार्ने भो भन्दै पाठक रोमाञ्चित मुडमा पनि पुग्छ । तर ती पात्र, तिनका बोली या प्रतिज्ञाको महत्व नबुभ्री लेखक त्यसै सेलाइदिनाले अर्थात् तिनको विद्रोही स्वर पछि सम्म तानेर नलैजानाले पाठक फेरि हरेश खान पुग्छ ।

स्थानगत पर्यावरणको चित्रणको क्रममा उपन्यासमा लेखकमा एकाँध भ्रमहरू देखिएका छन् । काठमाडौं लेखकको खाइखेलेको ठाउँ भएकोले यसमा स्वाभाविकता र सहजता नै देखिन्छ । यसबाहेक पछि हाइनरिखलाई जनसेवाको लागि पठाएको ठाउँ स्पष्ट छैन । त्यसमा कहीँ सुदुर पश्चिमको एक विकट गाँउ भनिएको छ, कहीँ पश्चिमाञ्चलको दोस्रो सदरमुकामबाट हाइनरिख उकालो लाग्यो भनिएको छ भने ऊकालो चढ्दै गर्दा चौतारीमा एक लाहुरेसँग भेट हुन्छ र तलदेखिएको फाँटका बारेमा

हाइनरिखले सोध्दा लाहुरेले कालीगण्डकीको फाँट भनेको छ । पश्चिमाञ्चलको स्याङ्जा जिल्लामा पर्ने कालीगण्डकी सुदुरपश्चिम वा मध्यपश्चिममा कसरी हुन्छ ? यस कुराले विकललाई बालकृष्ण सम ऐँसेलुको रुखमा चढेको जस्तै बनाएको छ ।

### *४.५ दृष्टिबिन्दु*

*सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कथयिता लेखक स्वयं हुन् । लेखक घटनाभन्दा परै बसेर सम्पूर्ण कथानक* आफ्नै नियन्त्रणमा लिएर वर्णन तथा विश्लेषण गरेका छन् । त्यसैले यो उपन्यासको दृष्टिबिन्दु बाह्य तथा तृतीयपुरुष दृष्टिबिन्दु हो । अर्थात् उपन्यासको कथानकमा लेखकले तृतीयपुरुष वाचक नामधारी पात्र तथा सर्वनाम 'ऊ', 'त्यो' को प्रयोग गरेकाले यो उपन्यासको कथानक बाह्य दृष्टिबिन्दुका माध्यमबाट भनिएको छ । कथानकमा आउने पात्रमध्ये कतै कुनै सीमित नरही सम्पूर्ण दृष्य पात्र तथा घटनाहरूको ज्ञाता बनेर गहिराइसम्म पुगी अखण्डित रूपमा टिप्पणी गर्दै जानुले बाह्य तृतीयपुरुषको पनि सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएको छ । हाइनरिखको पूर्वस्मृतिलाई पनि जस्ताको तस्तै राख्दा एउटा पात्रतर्फ लेखक ढल्कन खोजे जस्तो देखिए पनि ऊ प्रधान पात्र भएकोले केही बढी हुनसक्छ तर अन्य पात्र तथा घटनाको पनि उत्तिकै सुरुचिपूर्ण तरिकाले लामो वर्णन र चित्रण गरेका छन् ।

उपन्यासकारले आफ्नो सक्रियतामा तर आफू कथानकमा संलग्न नभई परैबाट उपन्यासको सुरुतिर यसरी चित्रण गरेका छन् -

*"ती सबै अनोठा र नौला दृश्यहरूलाई जादूको सम्मोहनमा बाँधिएका आँखाले झै हेरिरहेको हाइनरिख वेन गोल्डमेन स्वयं एउटा रहस्यमा हराए झै अनुभव गरिरहेको थियो ।" उसका लागि यो एकदमै नौलो र दन्त्य कथाको परी देश झै एकदमै रूमानी संसार । त्यसैले ऊ लाटो भएको थियो । (सागर उर्लन्छ ... पृ.२)*

यसरी आफ्नै रेखदेखमा अगाडि बढाएको उपन्यासमा कथयिताले पात्रहरूबीच संवाद भने गराएकै छन् । यहाँका पात्रहरू लामालामा बहस र संवाद गर्छन । उपन्यासको खण्ड 'नौ' मा हाइनरिखको डायरी प्रस्तुत छ । यस बाहेक सबै १० वटा

खण्डमा कथयिताको हस्तक्षेप देखिन्छ । होटलको एक दृश्य र त्यसले हाइनरिखमा पारेको मानसिक प्रभावका बारेमा कथयिता भन्छन्-

*"...त्यहाँको सम्पूर्ण वातावरणले हाइनरिखभित्र एउटा सहिनसक्नु वाकवाकी हुँडलिए झैं अनुभव गराइरहेको थियो । ऊ के यिनै सबै कुरा खोज्न आएको हो यो बुद्धको देशमा ?"... (सागर उर्लन्छ ... पृ.५३)*

यसरी आफू भोक्ता नभई द्रष्टाका रूपमा रहेर हरेक घटना, परिवेश तथा पात्रका स्थूलदेखि मिहीन कुराहरूमा लेखकले स्वयं विचरण गरेका छन् । अर्थात सबै पत्रका भावना, प्रतिक्रिया, विचार आदिमा स्वतन्त्र रूपले चिनाइ पात्रका आन्तरिक जीवनको चिनारी दिइएको छ । त्यसैले यस उपन्यासमा तृतीयपुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.३.६ सारवस्तु

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास पञ्चायती शासन व्यवस्थाको खास गरी ३० र ४० को दशकमा नेपालका अभिजात वर्ग र शासकहरूको मिलेमतोमा कुत्सित रूपमा मौलाएका विकृत सभ्यता, षडयन्त्र तथा राष्ट्रघाती कुकृत्यहरूको भण्डाफोर गर्ने उपन्यास हो । यसमा शहरदेखि गाउँसम्म विष्णुमतीका मूला फस्टाए झैं फस्टाएका पञ्चायती व्यवस्थाका तस्कर गिरोह, भ्रष्टाचारी तथा दुष्ट लुटाहा मण्डलेहरूको उछित्तो तिनीहरूकै नग्न नाचको आडबाट काढिएको छ । वास्तवमा विधि र निषेधको कुनै पर्वाह नराख्ने तत्कालीन भ्रष्ट दरवारिया शासक र दुष्ट पतित अभिजातहरूले देशभर संस्थागत रूपमा विकास गरेका अपहरण हत्या, लुट, आतङ्क, आगजानी, बलात्कार, अवैध पदार्थको विक्रीवितरण जस्ता जघन्य आपराधिक क्रियाकलापको सूक्ष्म अन्वेषण तथा व्यङ्ग्यात्मकविद्वेष व्यक्त गर्नु उपन्यासको सारवस्तु रहेको छ ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा २०३६ देखि २०४७ सालसम्मको पर्यावरणलाई वस्तु बनाइ नेपालको पञ्चायती व्यवस्थाका नियन्ता कार्यकर्ताहरूका

दुष्कृष्यलाई तत्कालीन पर्यावरणमै अनावृत्त गर्दै विकलले शासन सत्ता ओगटेर बसेको शक्ति स्रोतलाई समेत प्रस्तुत गरेका छन् । [८२] जनताका हक हित र उन्नति प्रगति भन्ने कुरा दरबारमा थुनिएको तत्कालीन अवस्थामा नेपाली जनताले ढुक्कले सास फेर्न पाएका छैनन् । एकातिर अभिजात वर्गको चोरी, तस्करी, भ्रष्टाचारी, घुसखोरी, कालाबजारी र कमिशनमुखी प्रवृत्तिले देशका अर्थतन्त्र आज ढल्छ कि भोलि ढल्छको स्थितिमा पुगेको छ भने अर्कोतिर व्यवस्थाद्वारा सञ्चालित तथा सामाजिकीकरण र संस्थागत हुँदै गइरहेका जनमुखी कार्यक्रम, अपहरण हत्या, लुट, आतङ्क बलात्कारको विगविगी बढेको छ । जनता महङ्गी, सन्त्रास एवं भयले व्याकुल र तमाशे बनेका छन् । २००७ सालको क्रान्तिबाट आहत भएका चम्पक रेमन्ड जस्ता राणाहरू देशको सम्पूर्ण शक्ति तथा सम्पति खैंचेर हातमा पारी सत्ताको पुनः निरंकुश तवरले भोगचलन गर्ने सुरमा लागेका छन् । औषधी अनुसन्धान केन्द्र जस्ता अपराधी अखडा तथा गुप्त व्यभिचारी अड्डाहरू खोलेर लागू पदार्थको मिस्कट गरी औषधी तयार गर्ने, वेचविखन गर्ने, हिरोइन, चरेश, ब्राउनसुगर, म्यान्डेक्स आदिको ओसार पोसार गर्ने, मुर्तिजस्ता बहुमूल्य वस्तु चोरी निकासी गर्ने, वन जल जस्ता प्रकृतिक सम्पदाको रातारात विनास गर्ने काम चम्पक राणाहरू निर्वाध रूपमा सम्पन्न गर्दछन् । यस्ता कुत्सित खेल तथा त्यसको देशमा र जनजीवनमा परेको प्रत्यक्ष असरवारे उपन्यास बोल्छ-

*"एकातिर सत्तासँग जोडिएको वर्ग तस्करी, कालोबजारी र भ्रष्टाचारको क्याब्रे नाच्दै राष्ट्रिय अर्थतन्त्रलाई डाँवाडोल गराउँदै छ भने अर्कोतिर सामान्य जनजीवन दिनदिनै क्षतविक्षत हुँदैछ । यहाँको भावी कर्णधार युवा, किशोर, शक्ति सानो प्रलोभनमा बडे बडे तष्कर भ्रष्टाचारी, शासक प्रशासकका रातारात ठडिने सिमेन्टका झाँडी जङ्गलको जगेढुङ्गो भएर पुरिएका छन् ।" (सागर उर्लन्छ ... पृ. २१८)*

राज्यव्यवस्थाबाट संरक्षित र अन्तर्राष्ट्रिय स्तरबाट सहयोग पाएका अवैध व्यवसायी राणाहरूको देशभर हालीमुहाली चलेको छ । कानून र नियम समेत

[८२] राजेन्द्र सुवेदी, पूर्ववत, पृ. १६८ ।

यिनीहरूकै मुट्ठीभित्र छ भन्ने कुरा हाइनरिखलाई छोडी यसो भन्ने प्रहरी अधिकृतको बोलीबाट थाहा लाग्छ -

*"हामी त हजूरकै, हजूर जस्ताकै छत्रछाँयामा हुर्कन्छौं, हजूरहरूकै संरक्षणमा हाम्रो इज्जत, मान, दानापानी अडेको छ । त्यसैले हजूको इच्छा र मर्जीको खिलाप जान हाम्रो त के दैया ? हजूरहरूको मर्जी नै हाम्रो कानून । " (सागर उर्लन्छ ... पृ.११६)*

केही वर्ष अगाडि बुद्ध, शान्ति र हिमालको पवित्र देश भनेर चिनिने देशले तस्कर र आतङ्ककारीको देश भनेर चिनिनुपर्दा नेपालको अन्तराष्ट्रिय छवि बिग्रेको देखिन्छ । उता दरवारमा सुधारिएको पञ्चायतको राग अलाप्ने शाह खानदान भने देशभर आफ्नै जयजयकार सुन्न लालायित भएको छ । 'जय' मा सय नपुगे त्यस्तो व्यक्तिलाई देशद्रोहीको आरोपमा कडा दमन भएको छ । सरकारी संयन्त्रका हरेक निकायमा नातावाद र कृपावादले प्रश्रय पाउँदा जनजीवनमा निराशाको औडाहा छुटेको छ । त्यस्तो नातेदार तथा सम्बन्धि फेरि त्यही दरबारको जय गर्ने र हिमचिम बढाउने हुने गरेको छ । उपन्यासमा चित्रित कथन यस्तो छ -

*"सत्ता र शक्ति केन्द्रीभूत भएको दरबारको गन्धमात्र बोकेको लुते कुकुरको भुकाइमा पनि सामान्य जनताको भन्दा नब्बे गुना बढी वजन हुन्थ्यो । लो त भनौं भने आजको देशको शासनचक्र नै त्यस्ता आवाजका दिशामा सिरूको पात नुहे झैं नुहुने गर्थ्यो । शासन तन्त्रका खास-खास पूर्जामा त्यस्तै सम्बन्ध सूत्रमा बाँधिएका पुराना राणा वा तिनका तीन पुस्ताभित्रका आसेपासे, वफादार र तावेदारका सन्तान फिट हुँदै गइरहेका थिए ।" (सागर उर्लन्छ ... पृ. १६०)*

सत्तासीन र अभिजात व्यभिचारीहरू दुई नम्वरी धन्दाबाट रातारात करोडपति भइ सुविधा र विलासमा वल्टीपल्टी गरेका देखिन्छन् भने जनतामा महङ्गी, आतङ्क, भोकमरी, गरिवी, कालाबजारीले थिचेको छ । जनताका हकहितका कुरा त परै जाओस् सुरक्षा, गाँस, बास, कपास जस्ता निम्नतम आधारभूत आवश्यकता पनि एकादेशका कथा भएका छन् । शहर बजार, गाउँ-गल्ली पाखा, पखेरा जनताका बीचमा असुरक्षा,

आतङ्क, अपहरण, हत्या, बलात्कार जस्ता विभत्स विकृतिहरू सामाजिकीकरण हुँदै गइरहेको छन् । यस्ता कामकारबाहीहरू व्यवस्था र कानूनका गुरुबा शाह र राणाहरूको कुलीनतन्त्रकै नमूनाका रूपमा देखिन्छन् । निर्दोष जनताको लास पुलमुनि र फोहरमाथि छ्यापछ्याप्ती देखापर्छन । विष्णुमती पुलमुनिको लासलाई देखाउदै गरेको जनताको गुनासो हाइनारिख सुन्छ-

*"... यसै ठाउँमा यो महिना भित्र दोस्री युवतीको क्षतविक्षत लाश देखापरेको छ ... कति निर्ममतापूर्वक लुछेर मारेछन् गिद्धहरूले । यस देशमा अब गुण्डा, बदमाश र हत्यारहरूको मात्र राज भयो ।" (सागर उर्लन्छ ... पृ. २१९)*

राजनीति, अर्थ संस्कृति जस्ता संवेदनशील क्षेत्रहरू घरायसी हुँदै गइरहेको नेपाल विदेशीको उपेक्षाको तारो भएको छ । नेपालीलाई आफ्नो जात, आफ्नोपन तथा माटोको माया नभएको भन्ने जस्ता आरोप र खप्की खानुपरेको छ । अभिजातहरूको कुविचार तथा अन्धानुकरणले गर्दा यसो हुन गएको हो । देशका सर्वसाधारणलाई रछ्यानका कीरा सम्झने उनीहरूसँग बोल्दा शान, मान र प्रतिष्ठा गिरे झै मान्ने यस्ता धनीक वर्गहरूमा रेमण्ड भन्छ-

*"यहाँका यी असभ्य, जङ्गली मानिसहरूसँग सङ्गत गर्नु, यिनीहरूसँग हाम्रो कुन कुरा मिल्छ र अस्तिसम्म हाम्रा पैतालामुनिका, हाम्रा दयाका पात्र थिए ।" (सागर उर्लन्छ ... पृ. ५६)*

पाश्चात्य जडाउरी सभ्यताको आँखा चिम्लेर नक्कल गर्नाले बुद्ध र हिमालको शान्त शीतल वातावरण रमझम, पपधुनका चित्कार, कोलाहल, निकृष्ट विलास र मनोरञ्जनका साधनले आतङ्कमय बनेको छ । सीता र साबित्रीको आदर्श र पवित्र मुलुकमा तल्लो खालका भट्टी, नाइटक्लब, गुप्त व्यभिचारी अड्डा, भद्धा श्रृङ्गार र भड्किलो पोशाकले नेपालीपन र संस्कृतिलाई थिलोथिलो पारेको छ । जसमा प्रमुख जिम्मेदार पक्ष यहाँका सम्भ्रान्त र घरानियाँहरू नै देखिन्छन् । छाडा संस्कृति र यान्त्रिक सुन्दरताप्रति असीम मोह राख्ने यो वर्ग संस्कारमा आज यताको न उताको वीचमा पङ्गु बनेको छ । यति हुँदाहुँदै पनि नैतिकता र आदर्शको जिम्मा लिएर बाहिरी बोक्रे

आडम्बरी लक्ष्मी शाह जस्ता घरानियाँ छोरीहरू अर्काको मुलुकमा एक्लो विरानो हुँदा साथ दिएको आत्मीय मित्रसँग आफ्नो देशमा उसलाई दुःख पर्दा बोल्नसम्म नसक्नुले तिनको अवसरवादी चरित्रको प्रदर्शन हुन्छ । पञ्चायती व्यवस्थामा बढ्ता प्रश्रय पाएका देहव्यापार जस्ता घटिया कर्तुतहरू मीराका माध्यमबाट व्यक्त छन् । विदेशीलाई सशुल्क जीउ वेचेर धन आर्जन गर्ने मीरा विलासिताका अतिरिक्त आवश्यकता पूरा गर्ने द्वैध चरित्रकी केटी हो । पशुपतिनाथ बौद्ध मन्दिर जस्ता पवित्र धार्मिक परिसरमा हुने गरेका जुवा, जारी, जाँड, मगन्ते, बगलीमारा, ठग, धुर्त्याइँले नेपालमा नपत्याइने खालको विरोधाभाष खडा गरेको छ । देशको गरिमामा खलल पुऱ्याउने यस्ता नाजायज तत्वहरूको उन्मूलनको सट्टा राज्य रमिते बनेर मनोरञ्जन लिइरहेको छ ।

देशमा फस्टाएका आपराधिक कर्तुतहरू चोरी, तस्करी, अवैध व्यवसाय, हत्या हिंसा, अपहरण, बलात्कार, ठगीमा टेवा पुऱ्याउने आधार स्तम्भ आर्थिक र कानूनी रूपले सशक्त देखिन्छन् । त्यसैले कृष्णराजा, हाइनरिख, इलेन, कोमलविक्रम जस्ता संघर्षी, साहसी, परसेवी तथा निस्वार्थी व्यक्तिहरूको बलबुताको पनि केही जोर चलेको छैन । उल्टै तिनै पनि लछारपछार, कुटपिट र घर निकाला हुनुपरेको छ । पछिल्लो समयमा पञ्चायती निरंकुशताको विरोधमा जनजागृति आउँछ । देशव्यापी आन्दोलन हुन्छ । सवै तहतप्काका आन्दोलनकारी माथि व्यापक धरपकड हुन्छ । जनता कुटिन्छन्, लुटिन्छन्, जेलमा कोचिन्छन्, यातना पाउँछन्, मर्छन् र फालिन्छन् । उपन्यासमा २०४६ सालको आन्दोलनको सफलताको बारेमा सङ्केत नहुनु, अन्त्यमा हाइनरिख कुटिनु, कृष्णराजा र इलेनको विद्रोह हराउनु अर्थात् पछाडि चर्चै नहुनुले २०४६ सालको जनआन्दोलनले पनि गुणात्मक फड्को नमारेको, व्यवस्था बाहिर फेरिए पनि भित्र तिनै भ्रष्ट, दुष्ट र नीच व्यक्तिहरूले पूँजीवादी शासन लादेको कुरा स्पष्ट हुन्छ ।

यसरी पञ्चायती शासन व्यवस्थाका घटिया प्रवृत्ति, तिनका मनपरीतन्त्र तथा विकृति विसङ्गतिलाई अत्यन्त नजिकबाट नियाल्दै त्यसको आलोचनात्मक ढङ्गले आरोपपूर्ण अभिव्यक्ति प्रस्तुत गरिएको प्रस्तुत सागर उर्लन्छ सगरमाथा छुन उपन्यास एक सशक्त आलोचनात्मक यर्थाथवादी उपन्यास हो । सामाजिक विसङ्गतिलाई चिरफार गरेर उचित समाधानको बाटो पहिल्याउन नसके पनि त्यस्ता विकृति र

विसङ्गतिको निन्दा र विरोध गर्दै तिनीसँग जुध्नका लागि प्रेरणा प्रदान गर्नु आलोचनात्मक यथार्थवादको परिचय हो ।[८३]

उपन्यासमा खराबी तत्वको अन्त्य गरी सुधारको वातावरणको कामना गरिएको छ । इलेन, कृष्णराजाको चम्पकसँगको बाझाबाझ, हाइनारेख अवैध व्यवसायीको फन्दाबाट फुत्केर गाउँतिर जानु आदि घटनाबाट जनचेतनाको उद्घोष गरिएको छ र दूराचारहरूसँग भिड्नु पर्ने प्रेरणा पनि पाइन्छ तर त्यसलाई सचेत र प्रतिवद्ध रूपमा बलियो आधार खडा गरी व्यापक विद्रोहको आँट भएको छैन । त्यसैले समस्याको सही निकास भन्दा त्यसको चर्काचर्की, विद्वेषपूर्ण, आक्रोशित व्यङग्य उपन्यासमा अटसमटस भएर आएको छ । अतः सागर उर्लन्छ सगरमाथा छुन उपन्यास पञ्चायती अव्यवस्था तथा अस्तव्यस्ततामा अभिजातहरूका फस्टाउँदा अवैध व्यवसाय, अन्य जनघाती आपराधिक कुकृत्य, नेपालमा भित्रँदै गरेका नेपाली संस्कृति र हिनामिना हुँदै गरेको अर्थव्यवस्थाको विरोधपूर्ण टिप्पणी गर्ने तथा त्यस्ता दुर्गन्धित कर्तुतहरूको उदाङ्गो पारी देखाउने सशक्त आलोचनात्मक यथार्थवादी उपन्यास हो । साथै त्यस्ता दुष्कृत्यबाट नेपालीले भोग्नुपरेको पीडाको दुःखद एवं त्रासद स्थितिको करूण तथा हृदयसंवेद्य चित्रण गरिएको छ । यही नै यसको सारवस्तु हो ।

## ४.६ भाषा

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास नेपालको पञ्चायती शासनकालका अराजक-अभिजात तथा शासक वर्गका दुष्प्रवृत्ति तथा तिनका निन्दनीय उच्छृङ्खल क्रियाकलापको आलोचनात्मक प्रस्तुति भएको उपन्यास हो । त्यसैले त्यही विषय अनुरूप, पात्रअनुरूप, परिवेश तथा परिस्थितिअनुरूप भाषाको प्रयोग भएको छ । प्रस्तुतिमा पाइने कवितात्मक वर्णन र निजात्मक प्रस्तुतिका कारण यस उपन्यासलाई अत्यन्त शिष्ट र सौम्य बनाएको छ ।[८४] उपन्यासमा प्रयोग भएको भाषामा शिष्ट व्यङग्यात्मकता, मनोहारिता, भावुकता र कवितात्मक आकर्षण देखिनु उपन्यासको

---

[८३] ऐजन्, पृ. १६४ ।

[८४] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १६९ ।

भाषाको विशेषता बनेको छ । कथायिताले गरेको टिप्पणी, वर्णन, विवेचना एवं विरोधमा भाषिक कौशलता भेटिन्छ भने पात्रहरूका संवाद लामा लामा बहस भए पनि भाषा गम्भीर र रोचक छ । वर्णनमा एक पछि अर्को पर्यायवाची शब्द प्रस्तुतिले, सुरुचिपूर्ण एवं धीर चित्रणले शब्द चित्र खिचेको छ । उपन्यासमा प्रायः सरल, सरस तथा कोमल भाषाको प्रयोग हुँदाहुँदै पनि कही कतै जटिल र क्लिष्ट शब्द पनि रहेका छन् । उपन्यासमा हाइनरिखको निजात्मक अनुभूतिको डायरी इलेनसँगका चिठी पनि आएका छन् ।

उपन्यासको प्रमुख पात्र हाइनरिख अन्तर्मुखी र भावुक भएकोले वा उपन्यासकार स्वयं शब्दमिठासका हिमायती भएकोले प्रशस्त कवितात्मक भाषाको प्रयोग भएको छ । यस्तो भाषाले उपन्यासका वाक्यहरू खँदिला सारगर्भित कविता नै झै लाग्छन् । नमूना स्वरूप-

*"... संसारमा आस्था र विश्वास बचेको छ, धर्म र निष्ठा बचेको छ, प्रेम र सद्भाव बचेको छ ... त्यसैकारण यो धर्ती फुट्न र पातालमा भासिन बचेको छ ।" (सागर उर्लन्छ ... पृ. ३०९)*

*"... ती लाल रेखाहरू सागरको प्रत्येक तरङ्ग तरङ्गिदै ऊ उभिएको कालो चट्टानतिर बढ्थे र त्यसको तिखो धारसँग आएर जुद्धथे, फुट्थे, धुजा-धुजा भएर चट्टानका पैतालामुनि छरिन्थे ।" (सागर उर्लन्छ सगरमाथा ... पृ. १३-१४)*

*"रतज धवल समुन्द्री फींज आकाशतिर उठ्छ, फेरि सागरकै गर्भमा समाहित हुन्छ - एउटा सिर्जना बन्छ, एउटा सौन्दर्य फुट्छ र फेरि लयमा डुब्छ ।" (सागर उर्लन्छ ...पृ. १४)*

उपन्यासमा पाइने तार्किक, बौद्धिक तथा सुक्तिमय पंङक्तिहरूले उपन्यासलाई गम्भीर बनाएका छन् । यसले गर्दा विशालकायको उपन्यास वर्णनात्मक भाषाको बाहुल्य हुँदाहुँदै गर्विलो र सटिक लाग्छ । यस प्रकारको वाक्यहरू हाइनरिख, लक्ष्मी,

इलेन, जान जस्ता पात्रका उद्‌गारका रूपमा आएका छन् । उदाहरणस्वरूप उपन्यासबाट केही वाक्य उद्‌धृत गर्न सकिन्छ -

*"संयम र नियन्त्रण यस्तो प्रणाली हो: यसले नै जीवनलाई वढी सिर्जनात्मकता दिन्छ, बढी अर्थ र बढी रचनात्मकता दिन्छ ।" (सागर उर्लन्छ ... पृ. १३३)*

*"सधैंभरि एकनासको जिन्दगी भोग्नुपर्दा त्यो जतिसुकै आकर्षक र सुन्दर भए पनि मानिसको मन कहिलेकाँही उचाटिन्छ नै ।" (सागर उर्लन्छ ... पृ.२४)*

*"संसार फोहोर र घिनलाग्दो मात्र छैन, सुघर, उज्यालो र श्रद्धा लाग्दो पनि छ ।" (सागर उर्लन्छ ... पृ. ३०९)*

*"मानिसको भद्रता र सौजन्यमाथि प्रतिक्षण अविश्वासका आँखाले छिद्र खोज्न थाल्यो भने त दुनियाँबाट भद्रता, सौजन्य र मानवताको प्रत्येक भावना धाजै धाजा देखिन के बेर ?" (सागर उर्लन्छ ... पृ. ७७)*

*"प्रकृतिका स्वभाव पहाडी खोला हो । त्यसमा तटबन्ध नभए विनास ल्याउँछ ।" (सागर उर्लन्छ ... पृ. १३३)*

यस उपन्यासमा पञ्चायती व्यवस्थामा दुर्गन्धित दुष्कृत्यहरू र विकृत सभ्यताको विरोधस्वरूप आएको विनोदीव्यङ्ग्य र उपेक्षापूर्ण अभिव्यक्तिका भाषामा गहिरो क्षेषणशक्ति लुकेर रहेको छ । घुमाइ घुमाइ भनेर मर्म छेडने यस्ता व्यङ्ग्य तथा उपेक्षा खासगरी कृष्णराजा र जानजस्ता पात्रद्वारा व्यक्त गरिएका छन् । व्यङ्ग्यात्मक भाषाको उदाहरणमा कृष्णराजाले चम्पकसँग गरेको विवादको एक झलक यस्तो छ ।

*"मलाई न हजूरको यस स्वर्गप्रति रूचि छ, न यसभित्र सास फेर्ने धैर्य । केवल इलेनको आग्रहमा कहिलेकाही यस सुन्दर नरकमा पाइला टेक्ने विवशता आइलाग्छ र मात्रै ।" (सागर उर्लन्छ ...पृ. १६९)*

*"तस्करी, बलात्कार, लूट जस्ता सत्कर्महरू गर्न त हजूरहरूकै जस्तो ठूलो मुटु, ठूलो नाउँ र ठूलो शक्ति चाहिन्छ । ..." (ऐजन. पृ.१६९)*

उपेक्षित कटु अभिव्यक्तिमा जानको निम्नलिखित भनाइ उल्लेखित छ-

*-"यहाँका सत्ताधारीहरू फेसनको लागि प्रजातन्त्रको नारा कुर्ले पनि यहाँको सामाजिक, आर्थिक, राजनीतिक बनोट जन्मजात सामन्ती मानसिकताले निर्माण गर्छ । जन्मदै यहाँका बच्चालाई शक्तिको पैताला चाट्ने र निर्धाको घोडा चढ्ने संस्कृति घोटेर पिलाइन्छ ।" (ऐजन. पृ.१५२)*

उपन्यासको नायक हाइनरिख अमेरिकी नागरिक भएकोले र अभिजाती राणाहरूको सभ्य आधुनिक तथा प्यारो भाषा अङ्ग्रेजी भएकोले उपन्यासका अधिकांश पृष्ठमा अङ्ग्रेजी भाषाका वाक्य वा शब्दले अत्यधिक प्रयोग भएको छ । त्यस्ता केही वाक्य तथा शब्द यस प्रकार रहेका छन् -

*हाउ डु यु डु ? भेरी ग्लैड टु मिट यु (के गरिरहेका छौ ? तिमीलाई भेटेर धेरै खुसी छु ) पृ. ९८*

*नेभर माइन्ड (कहिल्यै नराम्रो नलिनु) पृ. १००*

*ओ डैडी हाऊ वन्डरफुल (ओ बाबा कस्तो अचम्म) पृ. १०१*

*यु नटी गर्ल (असभ्य केटी) पृ. १०२*

*आइ हेट ड्रिङ्क (मलाई पेयपदार्थ मन पर्दैन) पृ. १०७*

*इट्स अल राइट ( सबै ठिक छ) पृ. १११*

*डोन्ट पे एनी एटेन्सन (अन्त ध्यान नदेऊ) पृ. १०४*

*इट्स हर विस्, दैट यु सुड कम इन (तिमी यहाँ छिटो आउ भन्ने उनको चाहना हो) पृ. ११८*

*इज इगर टु वेलकम यु एज सुन राज पसिबल (तिमीलाई जतिसक्दो छिटो स्वागत गरिनेछ) पृ. ११९*

*इफ यु डन्ट टेक एड्भान्डेज अफ दिश अनएस्पेक्टेड गिफ्ट यु आर ड्याम फूल रियली (यदि यो आशा नगरिएको पुरस्कार लिएनौ भने तिमी साच्चाँ नै बेवकुफ हुनेछौं) पृ. १३६*

*फेमिली इन्टरेस्ट (पारिवारिक चाहना) पृ. १२२*

*यू विल मिस दि ग्रेट अपर्च्युनिटिज टु अन्डरस्ट्यान्ड दि मिस्ट्री अफ दिस ग्रेट कन्ट्री (तिमी यस अनौठो देशको रहस्य बुभने अवसरबाट वञ्चित हुनेछौं) पृ.१५५*

*वी आर वेटिङ एण्ड दे खार नट कमिङ (हामीले पर्ख्यौं तर उनीहरू आएनन) पृ. १५७*

*शी इज माइ डटर (उनी मेरी छोरी हुन) पृ. १५९*

*डोन्ट बी सो सेन्टिमेण्टल माइ ब्वाइ (मेरो केटा यति धेरै भावुक नहुनु) पृ. २४०*

*मिनु (खाद्यतालिका) पृ. ६०*

*नेपकिन (रूमाल) पृ. ६०*

*लन्च (खाना) पृ. ६४*

*कन्डक्टेड टुर (औपचारी भ्रमण) पृ. ६४*

*थ्याङक्स (धन्यवाद) पृ. ७०*

*यु लिभ (तिमीले छोड्यौ) पृ. ७०*

*दैट्स नथिङ्ग (त्यो केहि पनि होइन) पृ. ७०*

*विस मु गुडलक (सफलताको कामना) पृ.७३*

*एनि थिङ्ग यु लाइक (तिमीलाई मन परेको केही छ ) पृ.६४*

*डोन्ट वरी ब्याइज (पिर नमान केटा हो) पृ.७७*

*मे आइ कम इन (म भित्र आउन सक्छु) पृ.८२*

*सफ्ट ड्रिङ्क (नरम पेयपदार्थ) पृ.८६*

*यस कमिन (भित्र आउनुहोस) पृ. ९२*

*ओ फर्गेट इट (यसलाई त भुलिएछ) पृ. ९८*

त्यसैगरी संस्कृतमा प्रचलित *सर्वनाशे समुत्पन्ने अर्ध व्यजति पण्डित (पृ.२९९), हित्वा या प्राप्स्यसि स्वर्ग जित्वा वा मोक्षयसे महीम् ? पृ. ३०० (हारे पनि स्वर्गको प्राप्त गर्नेछौ जितेपनि राज्यको भोग गर्नेछौ)* जस्ता उक्तिहरू पनि उपन्यासमा प्रयोग गरिएका

छन् । त्यस्तै हाइनरिखसँग पश्चिम पहाडको उकालोमा भेट भएको लाहुरेले बोलेको हिन्दी भाषा का *"मेरा मकान पनि यहाँ से तीन रोजको रास्तामा पर्छ पृ.२९४" (मेरो देकान यहाँबाट तीन दिनको बाटोमा पर्छ)* जस्ता वाक्य र *साप (साहेब), कौन (कुन), जगा (ठाउँ), यकीन मालुम छैन (स्पष्ट थाहा छैन)* जस्ता हिन्दी शब्द प्रयोगमा आएका छन् । काठमाडौको महत्वपूर्ण भाषाको रूपमा रहेको नेवारी भाषाका छयाङ्ग (रक्सी), ममचा आदि शब्द पनि उपन्यासभित्र देखिन्छन् ।

नेपाली भाषाका *'सिस्नु', 'गुन्द्रुक' 'नाथे उधुम', 'उत्ताउलो', 'पङ्गु', 'निगुरो', 'कनिका' भ्याकुर* जस्ता झर्रा शब्दले उपन्यासमा नेपालीपन दिएको छ । सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको भाषाले वर्गीयताको प्रतिनिधित्व पनि गरेकै छ । उच्च वर्गका खानदानीहरूका *'ज्यूनार', 'मर्जी', 'सुतिस्या', 'गरिस्या'* जस्तो भाषा तथा अशिक्षित जनताका कथ्य बोली जस्तो *गिरान* (एयरपोर्ट), *दाङदर साहेब (डाक्टर साप), फुटो खिच्ने भाँडो (क्यामेरा), अम्रिगन (अमेरिकन), राछेस (राक्षस)* आदि शब्द र तिनको गाली गलौज *'मोरो दर्बे पिचाश' 'भीरबाट खसाल्नु'* जस्ता उपन्यासमा प्रयोग भएका छन् ।

२०४६ सालको जनआन्दोलनको झलक उपन्यासमा आएको हुँदा आन्दोलनकारीहरूका *'इन्किलाब जिन्दाबाद' 'सामन्ती सत्ता- मुर्दावाद'* जस्ता नारालाई र आन्दोलनमा कडा दमन गर्ने प्रहरीहरूका तुच्छ शब्द *'गोद राणीको छोरालाई'* जस्ता पद तथा पदावली पनि उपन्यासमा टिपिएका छन् ।

उपन्यासमा प्रयोग भएका आलङ्कारिक तथा विम्बात्मक भाषाले उपन्यास मनमोहक र आÑादकारी बनेको छ । त्यस भाषाले पाठक मनमा रोमाञ्चित अवस्थाको पैदा गर्न सक्छन् । उपन्यासबाटै केही पंक्ति हेर्दा -

*"...सद्य: स्नाता कुमारीको त्यो रूप यतिखेर भर्खर समुन्द्रबाट निस्केको मोती जस्तै समुज्जवल देखिन्थ्यो ।" ...(सागर उर्लन्छ, पृ. २२६ )*

*"...हाइनरिखले आफ्नो देशलाई इसाको लाशमाथि उभिएर बौलाएको, धुम्रपान र मद्यपानमा लट्ठ परेको, मानवतामाथि एउटा विकृत अट्टहास गर्ने, बूढो दानवले खुँदेर मरूभूमिमा बदलेको एउटा आत्महीन कङ्कालवस्ती झैं पाएको छु: ।... (सागर उर्लन्छ ... पृ. १८)"*

*"भट्टीको रहस्यमय धमिलो उज्यालोमा यो मानिस प्रेतेच्छायाझैं विस्तारै आएर त्यस खाली ठाउँमा बसेर ह्वीस्कीको अर्डर दिएर चुस्न थालेको थियो ।" (सागर उर्लन्छ ... पृ.५३-५४)*

*"हावाको सिरसिरसँग फहराउँदा उसका काधमाथि उडिरहेको कालो रेशमी केशराशि एउटा रूमानी कविताको सुन्दर पंक्ति बुनिरहे झैं लाग्थ्यो ।" (सागर उर्लन्छ ... पृ. १६)*

*विषय प्रसङ्गवश सटिक पारामा थोरैमा धेरै भन्न उपन्यासमा आएका उखानले बढी रोचक र मार्मिक बनाएका छन् । 'देश खाइ शेष पल्टनु' (२८७), 'ओखलमा शिर राख्नेले मुसलको चोट खानुपर्छ' (पृ.२४३), 'मनमनै हर्क डोली चढी लर्क' (पृ. १०२), 'गैडाको छालामा सियो घोच्नु' (पृ. १८६), 'मनको लड्डु ध्यूसँग खानु' (पृ. १३३)*

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा प्रतीकात्मक भाषाको पनि प्रयोग छ । उपन्यासको शीर्षक नै प्रतीकको रूपमा आएको छ । 'सागर' ले हाइनरिख जस्तो परसेवी निस्वार्थी एवं शान्ति प्रेमी व्यक्तिको दयाद्र हृदय वा भावनाको तरङ्गहरूलाई सङ्केत गर्छ । 'सगरमाथा' ले नेपालको स्वच्छ शान्त र शीतल अवस्थालाई बुझाउँछ । यिनै विशेषताहरूको कदर गरेर हाइनरिख नेपाल आउनु 'छुनु' को सन्दर्भले बुझाँउछ । त्यस्तै चम्पक-रेमण्ड राणाहरू राष्ट्र तथा राष्ट्रिय अखण्डता धमिल्याउन लागि परेको पञ्चायती व्यवस्था तथा द्रव्यपिचाशी अभिजातहरूका प्रतीक हुन् । हाइनरिख चम्पकको अवैध धन्दाबाट फुत्केर गाउँतिर लाग्नुले गाउँ गाउँमा चेतना विस्तारको प्रक्रियालाई सङ्केत गर्छ । महलमा सहिनसक्नु वातावरण र मनमा छटपटी हुँदा पनि इलेन त्यही गुम्सिएर बस्नुले तत्कालीन नारीहरूको अवस्थाबोध हुन्छ । त्यस्तै २०४६ सालमा आएको प्रजातन्त्र अन्धकल्चे वा घाइते छ भन्ने कुराको प्रतीकस्वरूप हाइनरिख

कुटपिट भइ मर्न थालेको अवस्थाबाट थाहा हुन आएको छ । लक्ष्मी शाहको चरित्र सम्पूर्ण सभ्रान्त वर्गका युवतीहरूको अवसरवादी प्रवृत्तिलाई देखाउन पर्याप्त छ ।

यसरी उपन्यासको भाषा समग्रमा हेर्दा सरल तथा सौम्य पनि छ र विशिष्ट तथा विलक्षण पनि छ । उपन्यासको भाषा प्रयोगमा एउटा खड्केको कुरा के भने उपन्यासको कथानक हिडेको अर्थात् पात्रका थुप्रै कार्यव्यापार भएको सुदुर पश्चिममा जनजिब्रोले बोल्ने सुदुरपश्चिमेली भाषिकाहरू देखिदैनन् । जुन भाषिकाका शब्द नेपाली भाषाका भन्दा निकै पृथक छन् । ती उपन्यासमा आएका छैनन् जसको अपेक्षा उपन्यासमा छ ।

जे होस, सुन्दर भाषिक प्रयोग उपन्यासको सह्रानीय पक्ष हो । शुष्क नभएर सरस भाषा प्रयोगले यस व्यङ्ग्यविनोदी उपन्यासमा सम्प्रेषणमा समस्या देखिदैन । शैली वर्णनात्मक भए पनि शब्द मिठासले उपन्यास रसिक नै ठहर्दछ ।

## ४.७. गति र लय

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा तृतीयपुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग गरिएकोले सम्पूर्ण घटना, पात्र तथा दृश्यको वर्णन कथयिता स्वर्यले नियन्त्रणमा लिएर गरेका छन् । यस उपन्यासमा दृश्यात्मक पद्धतिको उपयोग अत्यधिक भएको छ । त्यसैले यसको कथानकको वेग वा गति मन्द छ । उपन्यासमा मूलतः वर्णनात्मक शैलीले गर्दा कथानक छिटोछरितो अगाडि नबढेर आरामले हरेक घटना, पात्र र दृश्यको बिम्बात्मक अवस्थिति देखिन्छ । आफ्ना तर्फबाट कथयिताले गरेका निन्दा तथा टिप्पणी परिवेशको सर्लक्क चित्रण, क्रियाव्यापारको चर्काचर्की वर्णन, त्यसको जनमानसभा परेको प्रभाव, पात्रको मानसिक, शारीरिक स्थिति, स्मरण डायरी आदिको शब्दचित्र खिचिएको छ । आलङ्कारिक वा भावुकता झै लाग्ने दृश्यको चित्रणले पनि औपन्यासिक गति न्यून गराएको छ । उपन्यासबाट केही पक्ति हेर्दा -

*“फोहर र सुरुङवत साँगुरा सडकहरू थिए, छातीभरि घाउका पाप्रा उप्के झै अलकत्राका पत्र उप्केका ठूलाठूला घाउहरू थिए । यी सडकका कुनैतिर किनारामा उङे*

*झैं उभिएका आधुनिक र पुरातन शिल्पको चित्र सम्मिश्रणबाट बनेका स-साना, कोप्चा, होचा, पुराना नयाँ विचित्र अवतारका घरहरू, यिनका साँगुरा, कोप्चा छिडीमा सजिएका खिचडी पसलहरू, यिनका अगाडि सडक माझ राइँदाइँ गर्दै मस्तीमा बसिरहेका साँढे, गाई ... ।" (सागर उर्लन्छ ... पृ.१०)*

उपन्यासमा आएका प्रत्येक घटना तथा पात्रको महत्व उत्तिकै रूपमा हुँदैन । यस उपन्यासमा कतिपय अनावश्यक तथा गौण घटना वा पात्रको पनि ह्वाङ्गै चित्रण गर्नाले उपन्यासको गतिरोध भएको छ । नेपथ्यमा ठूलो भूमिका खेल्न सक्ने भए पनि अत्यन्त कम चर्चामा र मञ्चमा पनि न्यून भूमिका लिएर आएको एक पात्रको चित्रण यसरी गरिएको छ -

*"छुचुेन्द्रे अनुहारको, पातलो जीउडाल, गोरो रोगन र धूर्त चम्किला आँखामा सुनौला फ्रेमवाला चस्माधारी व्यक्तिको परिचय भन्सार अधिकृतको रूपमा गराइयो । - विलास विक्रम थापा । लिवुवानबाट १० वर्ष अघि आफ्नो जिल्लाको माननीयको भारी बोकेर काठमाण्डौ आएको ... । " (सागर उर्लन्छ ... पृ. १६४)*

उपन्यासकारको आलङ्करिक र भावुक वर्णन शैलीले औपन्यासिक गतिमा असर पारेको छ । जस्तो ...

*"पर बुढो लाहुरे झैं रोप लगाएर धुमधुम्ती उभिएको घण्टाघर र त्रि-चन्द्र कलेजको धमिलो आकृति ... ।" (सागर उलेन्छ ... पृ. ८२)*

*" सूर्यको प्रखर प्रकाशपिण्ड बडे पलासको रूखको टुप्पोमा एउटा चम्किलो सिसाको गोलो झैं अडेको थियो । त्यस रूखको हाँगामा फुलेको फूलहरू आगाका लप्काझैं भरभराउँदा देखिएका थिए ...। (सागर ... पृ. १९५)*

गद्यभाषामा पनि  उत्पन्न हुनसक्ने आफ्नै किसिमको लायात्मक उपस्थितिले सागर उर्लन्छ सागरमाथा छुन उपन्यासमा आकर्षण र आनन्दको सम्मिश्रण भएको छ । उपन्यासमा प्रयुक्त अनुप्राशयुक्त शब्द वा ध्वनिको पुनरावृत्तिले, कोमल पद तथा

पदावलीले, बिम्बात्मक तथा आलङ्कारिक भाषाले लयको सिर्जना गरेका छन् । हाइनरिखको लक्ष्मीप्रतिको निम्नलिखित अनुभूतिमा लयको प्रादुर्भाव भएको छ-

*"...शीलको बोझले केही उन्मीलित आँखामा संसारका सम्पूर्ण लज्जाको भार लादिए झैं छुँदापनि दाग लाग्ला जस्तो, केराको गुबोको रङ्ग लिएको सुल्काइलो सुकुमार शरीर एउटा कुशल कलाकारले रचना गरेको कलात्मक नारीत्वको चित्र झैं लाग्थ्यो ।"...(सागर ...पृ. १५०)*

उपन्यासमा देखिएका कतिपय, विचलनयुक्त शब्द तथा वाक्यले पनि लयको सृजना गरेका छन् -

*"सौन्दर्य, शक्ति, सन्तोष र आध्यात्मिक विपुलता धरतीका अरु भागबाट भागेर यसै देशको कुनाकाप्चा गिरी कन्दरामा शरण पर्न आएको छ ।" (सागर ... १२)*

*"रातभर दुसी धुपको बासना र लामखुट्टको स्वागतगीत सुनेर आनन्द उठाएँ ।" (सागर उर्लन्छ ...११५)*

यसरी दृश्यात्मक पद्धतिको प्रयोगले मन्द गति लिएको उपन्यासमा लयको रन्को पनि मिसिएको छ ।

## ४.८ शीर्षकको सार्थकता

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको शीर्षक 'सागर', 'उर्लन्छ', 'सगरमाथा' र 'छुन' गरी चार शब्दको योगबाट बनेको छ । 'सागर' र 'सगरमाथा' दुईवटा नामपद तथा 'उर्लन्छ' र 'छुन' दुईवटा क्रियापदको संयोगबाट बनेको यो शीर्षक वाक्यात्मक ढाँचाको छ । सागर उर्लेर जति छताछुल्ल भएपनि सगरमाथा छुन असम्भव भएकोले अभिधाका कोणबाट हेर्दा उपन्यासको शीर्षक सार्थक देखाउन सकिँदैन् । त्यसैले उपन्यासको शीर्षक प्रतीकात्मक रहेको छ । यसरी हेर्दा उपन्यासको मूलपात्र हाइनरिख (जो सागरको मुलुक अमेरिकाको नागरिक हो) जस्तो परसेवी, निस्वार्थी तथा शान्तिप्रेमी व्यक्तिको हार्दिक, दयार्द्र र प्रेमसिक्त अन्तर्भावनाको

गहिराइलाई 'सागर' शब्दले बुझाएको छ । त्यसगरी उसको त्यही भावनाको उत्ताल तरङ्ग जसले उसलाई आफ्नो देशबाट विमुख बनाई नेपालतिर उन्मुख बनाउँछन्, हिडाउँछन्, त्यसलाई 'उर्लन्छ' ले सङ्केत गरेको छ । त्यस्तै उच्चशानमानयुक्त शान्त, शीतल तथा अडिग नेपालको प्रतीकस्वरूप 'सागरमाथा' आएको छ भने नेपालको उसले सुनेका पवित्रता अहिंसा, शान्ति, उच्चशान मान र गौरवलाई संस्कारलाई आफूले वरण गर्ने वा जीवनको आदर्श बनाउने सन्दर्भमा 'छुन' शब्द आएको छ । शीर्षकको सार्थकताको सन्दर्भमा उपन्यासमा 'सागर' र 'सगरमाथा' को प्रसङ्ग पाइँदैन् । उपन्यासको अन्त्यमा आएको एउटै मात्र बाक्य यहाँ उद्धरण गर्न सान्दर्भिक हुन्छ-

*"जुन दिन मेरो भावनाको सागर उर्लेर यहाँको सगरमाथा छुने कल्पना गऱ्यो , त्यसै दिनदेखि मैले आत्मिक र मानसिक सुख, शान्ति बाहेक अरु सवै किसिमका सुख सुविधाको सपना नै देख्न छाडें ।" (सागर ... पृ. ३०४)*

हाइनरिखको मनोभावनासम्म शीर्षकलाई जोडिसकेको पछि पनि अझै केही कुरा गर्न बाँकी छ । आफ्नो देशका ध्वंसात्मक सभ्यता र मानावताहीन छाडा संस्कृतिबाट विरक्त भएर अहिंसा शान्ति र मानवताको पुजारी बनेर नेपाल भित्रिएको हाइनरिखलाई नै उपन्यासको नायक बनाइएको छ । उपन्यासमा जतिपनि कार्यव्यापार वा घटना घटित छन् ती जति हाइनरिखकै देखाइ, सुनाइ, भोगाइ र गराइमा आधारित छन् । अन्य पात्रहरू पनि ऊ सँग संवाद गर्छन, सहयोग लिन्छन्, सहयोग दिन्छन् र उसैलाई हानि पनि पुऱ्याउँछन् । यसरी जे जसरी भएपनि उपन्यासका क्रियाव्यापार, पात्र तथा दृश्य सम्बन्धित छन् । त्यसैले उपन्यासको शीर्षक प्रतीकात्मक रूपले सार्थक छ ।

# चौथो परिच्छेद

## उपसंहार र निष्कर्ष

वि.सं. १९८५ काठमाडौंको आरूबारीमा जन्मिएका रमेश विकल नेपाली साहित्यका अथक साधक हुन् । उनी सानै उमेरको छँदादेखि परिवारजनहरूको मृत्युको चोटले घाइते बनेका देखिन्छन् । यसले गर्दा पढ्दै छोड्दै गरी स्नातकसम्मको औपचारिक अध्ययन उनले पूरा गरेका छन् । आर्थिक गर्जो टार्न लामो समयसम्म जागिरे जीवन बिताएका विकलले साहित्यको अनवरत सेवा पनि गरी नै रहे । सामाजिक राजनीतिक, साहित्यिक क्षेत्रमा छरिएर विभिन्न कामहरू गर्दै रहे पनि साहित्यिक व्यक्तित्व नै उनको महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यका कथा, उपन्यास, नाटक निबन्ध जस्ता विविध विधामा कलम चलाएर बहुमुखी प्रतिभाको परिचय दिने विकलको सिर्जनाको मूलविधा कथा र उपन्यास हुन् । यसैको माध्यमबाट उनी पुरस्कृत तथा सम्मानित भएका छन् एवं साहित्यसेवीका रूपमा चिरपरिचित छन् । उनका पुस्तकाकार रूपमा प्रकाशित कथा सङ्ग्रहहरू विरानो  देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), आज फेरि अर्को तन्ना फेरिन्छ, (२०२४), उर्मिला भाउजु, (२०२५), एउटा बूढो भ्वाइलेन आशा वरीको धुनमा (२०२४), शव सालिक र सहस्र बुद्ध (२०३५), हुन् । त्यस्तै उपन्यासमा सुनौली (२०३१), अबिरल बग्दछ इन्द्रावती ( २०४१), सागर उर्लन्छ  सगरमाथा छुन (२०५२) रहेका छन् ।

त्यसैगरी तेह्र रमाइला कथा (२०२०), अगेना डिलमा (२०२३), एक्काइस रमाइला कथा (२०२३), हिउँदे छुट्टीमा (२०४९), बुद्धिका घैटामा घाम (२०६३), मलाई किताब मनपर्छ (२०६३) जस्ता बालसाहित्यका पुस्तककार कृति प्रकाशित भइसकेका छन् । अन्य सम्पादकहरूका सम्पादित कथासङ्ग्रहरूमा उनका  कथा परेका छन् । बाल साहित्य र कथामै विशेष लागि परेका विकल आज पनि लेख्दैछन् । उनका कतिपय सृजना पाण्डुलिपि अवस्थामा नै छन् । विकलका कथाहरू समाजका विकृति विसङ्गतिलाई केरकार गरेर देखाउँछन् । उनको नयाँ सडकको गीत (२०१९) ले पाण्डुलिपि अवस्थामा नै २०१८ को मदनपुरस्कार प्राप्त गरेको हो । उपन्यासमा

सुनौलीले सुनौली नामकी नारी पात्रका कथा व्यथालाई उद्घाटित गरेको छ । त्यस्तै अबिरल बग्दछ इन्द्रावती भने सामन्त र सर्वसाधारणबीच द्वन्द्व देखाई, संघर्षमा पछि नपर्ने हठी गाउँले जनताको प्रणलाई पकडेर प्रगतिवादतिर उन्मुख देखिन्छ। यो उनको प्रसिद्धिको प्रमुख उपन्यास हो ।

रमेश विकलको सागर उर्लन्छ सगरमाथा छुन उपन्यास २०५२ सालमा प्रकाशित भएको हो । यो ३५२ पृष्ठ तथा एघार खण्डमा संरचित छ । अमेरिकाबाट आएको हाइनरिख जहाजबाट काठमाडौं अवतरण गर्न लाग्दाले अवस्थाबाट उपन्यासको कथानकको प्रारम्भ भएको छ भने नेपाली  जनताको निस्वार्थ सेवा गरे वापत कुटाइ खाई फालिइ शिक्षण अस्पतालमा उपचार गराउँदैको अवस्थाबाट अन्त्य भएको छ । नेपालको पञ्चायती व्यवस्थाले चरम विकृत स्वरूप धारण गरेको ३० र ४० को दशकमा शासक तथा अभिजाती राणाहरूको प्रत्यक्ष संलग्नतामा देशभर भएका सुन, मूर्तिजस्ता बहुमूल्य बस्तुहरूको विदेश पैठारी, चरेश, हिरोइन, ब्राउनसुगर, म्यान्डेक्स जस्ता लागु पदार्थको देशभित्र प्रचारप्रसार र विक्री, जल वन, जस्ता प्राकृतिक सम्पदाको राताारात विनास, अपहरण, हत्या, लुट, बलात्कार, आगजनी, जाँड, जारी, जुवा, जस्ता जघन्य आपराधिक क्रियाकलापको विरोधात्मक प्रतिपादन, त्यस्ता कुकृत्यहरूले धमिल्याएको देशको छवि, अर्थतन्त्रको अधोगति, पर्यायवरण तथा संस्कृतिको तहसनहस, जनमानसमा थुप्रिएको असुरक्षा आतङ्क एवं सन्त्रास, एउटा विदेशी युवकको नेपालप्रतिको स्वच्छ दृष्टिकोण, सेवाभाव, नारकीय धन्दामा फसेको र छुटेको स्थिति जस्ता प्रमुख घटना र नायक हाइनरिखको पूर्वस्मृतिमा आएका इष्टवेष्ट सेन्टरको अध्ययन लक्ष्मीसँगको घनिष्टता तथा वर्तमानको घटनाको संयुक्त प्रस्तुतिमा उपन्यास अगाडि बढेको छ।

नेपालको शहरदेखि गाउँघरसम्मका विकृति-विसङ्गतिलाई विरोधात्मक टिप्पणीासहित उतारिएको प्रस्तुत उपन्यासको कथानकको स्रोत लेखकको यर्थाथमूलक अनुभव हो । सिलसिलेवार कथाभन्दा टिप्पणीमूलक कुरा बढी र हाइनरिखको पूर्वस्मृतिका घटनाले गर्दा कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढ्न नसकेकोले कथानकको ढाँचा वृत्ताकारीय रहेको छ । उपन्यासमा बाह्य द्वन्द्व तथा

कुतूहलको पनि निर्वाह भएकै छ । प्रारम्भ, संघर्षविकास, चरमावस्था संघर्षह्रास उपसंहार गरी पाँच भागमा कथानकको आङ्गिक विकास भएको छ तर यसमा कथानकको विकास त्यति स्पष्ट र पुष्ट भने छैन ।

पात्रका रूपमा भ्रष्ट अभिजाती चम्पक रेमन्ड राणाहरू, लक्ष्मी शाह, व्यवस्थाको भरथेग गर्ने गुण्डा तथा मण्डलेहरू अर्थात् सिङ्गो पञ्चायती व्यवस्था र नवधनीक वर्ग नै प्रतिकूल वा खलपात्र रहेका छन् । त्यसैले यी पात्रहरू आर्थिक तथा कानुनी रूपमा अत्यधिक शक्तिशाली देखिन्छन् । कृष्णराजा, इलेन, डा. कोमल चेतना जस्ता पात्र असल वा अनुकूल पात्र हुन् । यस्ता पात्रहरूको विद्रोहको स्वर नाजुक वा कमजोर रहेको छ । क्रान्तिकारी, सचेत र सजगभन्दा यी पात्र भावुक र अन्तर्मुखी छन् । यिनको विद्रोही स्वर झुलुक्क देखिएर हराएकोले आवेश जस्तो लाग्छ । निस्वार्थी, परसेवी यस्ता पात्रहरूको यही गुण कमजोरी र सम्झौता बन्न पुगेको छ । यसले गर्दा उपन्यासमा केही केही नपुगे झै खल्लो अनुभव हुन्छ ।

उपन्यासको कथानक मूल रूपमा काठमाडौं उपत्यकामा र बाँकी सुदूरपश्चिमको विकट गाउँमा हिडेको छ । साथै हाइनरिखको पूर्वस्मृतिका घटनाको चर्चाका क्रममा अमेरिकाको इष्टवेष्ट सेन्टर युनिर्भसिंटी, हवाइ टापु, न्यूयोर्क आदि परिवेश आएका छन् । यी उपन्यासका स्थानगत पर्यावरण हुन् । पञ्चायती व्यवस्थाले नेपालमा बढ्ता क्रुर रूप प्रदर्शन गरेको ३० र ४० को दशकको झन्डै १५/१६ वर्ष उपन्यासको कालगत पर्यावरण हो । उपन्यास पढ्दै जाँदा पाठकमा अभिजाती तथा शासकका मनोमानी दुष्कर्मले वितृष्णा र आक्रोशको भाव पैदा गर्छ, यो नै उपन्यासको वातावरण हो ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास मा कथयिता आफू भोक्ता नभई द्रष्टाको रूपमा रही सम्पूर्ण कथानक नियन्त्रण गरेर नामधारी पात्र तथा 'ऊ' 'उनीहरू' जस्ता तृतीयपुरुष सर्वनामको प्रयोग गरिएको छ । त्यसैले उपन्यास बाह्य अर्थात् तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको छ । सबै पात्रका भावना विचार प्रतिक्रिया आदिमा

स्वतन्त्र रूपले चियाई तिनको आन्तरिक जीवनको चिनारी दिइएको छ । त्यसकारण तृतीयपुरुषको पनि सर्वज्ञ दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

उपन्यासमा प्रयुक्त भाषा टिप्पणीमूलक र वर्णनात्मक हुँदाहुँदै पनि निजात्मक, सरस तथा मनोरम शब्द प्रयोगले कलात्मकता र शिष्टता प्रदान गरेको छ । पात्र, परिवेश, विषय तथा सन्दर्भ अनुरूप अङ्ग्रेजी हिन्दी नेवारी संस्कृत जस्ता भाषाका शब्द र वाक्यको साथै नेपालीका झर्रा शब्द शिक्षित अशिक्षितको कथ्य बोली, गालीगलौज पनि उपन्यासमा आएका छन् । बिम्बात्मक, कवितात्मक सूक्तिमय भाषाको प्रयोगले उपन्यास मार्मिक एवं रोचक बनेको छ ।

उपन्यासमा वर्णनात्मक भाषिक शैली कम महत्वका घटना तथा पात्रको पनि सुरुचिपूर्ण बयान अर्थात् दृश्यात्यक पद्धतिको उपयोग गरिएकोले औपन्यासिक वेग वा गति मन्द रहेको छ । ध्वनिको पुनरावृत्ति, आलङ्कारिक भाषा र विचलनयुक्त वाक्यहरूले उपन्यासको गद्य भाषामा पनि लय सिर्जना गरेका छन् ।

यसप्रकार सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा नेपालको पञ्चायती व्यवस्थाको अराजकता अस्तव्यस्तता अन्यौलको स्थिति र त्यसले फैलाएका विकृति विसङ्गतिको चर्को प्रस्तुति लिएर आएको कथानक दुच्छर तथा भ्रष्ट मतियारको चर्को र जनसेवी पात्रहरूको नाजुक स्वर वा तिनले भोग्नु परेको पीडा, राजधानीको स्थानगत परिवेश, आक्रोश, विषादपूर्ण र घृणाजनक वातावरण, व्यङ्ग्यात्मक, मार्मिक र रोचक भाषाशैलीले उपन्यास आलोचनात्मक यथार्थवादी बन्न पुगेको छ । देशलाई अधोगति लगाउन अभ्यस्त पञ्चायती शाह शासक तथा कुख्यात अभिजातहरूको साठँगाठँमा भएका तस्करी, चोरी कमिशन, कालाबजार मनपरी, हत्या, हिंसा, अपहरण बलात्कार, आगजनी धुर्त्याइँ जस्ता निन्दनीय नीच कर्तुतहरूको विरोधात्मक तथा कटु विद्वेषका साथ उपन्यासमा पर्दाफास गरिएको छ । यस्ता आपराधिक क्रियाकलापको अन्त्य हुनु पर्ने चेतना र प्रेरणा उपन्यासमा पाइन्छ । तर त्यसको अन्त्यका लागि सचेतता, जागरूकता र प्रतिबद्धता उपन्यासमा पाइँदैन । त्यसैले यो उपन्यास आलोचनात्मक यर्थाथवादी हो ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा आधारित नयाँ मूल्य प्रणाली नेपाली उपन्यासमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको नाम लिएका छन् । राजेन्द्र सुवेदीले नेपालको पञ्चायती व्यवस्थाका नियन्ता र कार्यकर्ताहरूका दुष्कृत्यलाई आलोचनात्मक ढङ्गले प्रतिपादन गरेको आलोचनात्मक यथार्थवादी मार्गकै एक उपन्यास हो भनेका छन् । विदेशी युवक हाइनरिख वेन गोल्डमेनलाई नायकत्व दिइएको र उसले परदेश (नेपाल) प्रति राखेको सद्भाव र दिएको सकारात्मक देनबाट हेर्दा अनि जानले बोलेका बोलीले सामन्ती र साम्राज्यवादी अमेरिकाको प्रतिनिधित्व गर्ने सन्दर्भबाट हेर्दा श्रेष्ठ र शर्माले भने झैं उपन्यास नयाँ मूल्य प्रणालीको ठहर्न सक्ला तर उपन्यासको विषय तथा कथानक नेपालभित्रको खास स्थानगत र खास कालगत पर्यावरणभित्र सीमित भएकोले त्यो पक्ष त्यति सबल देखिदैन ।

कृष्णराजाले जनघाती तस्कर गिरोहका विरुद्ध गरेको सङ्गठन विस्तार तिनीहरूसँग गरेको हाकाहाकी बाझाबाझ, इलेनको बाबुको पेशाप्रति वितृष्णा र भनाभन, हाइनरिखको गाउँगमन जस्ता घटनाले प्रगतिवादका केही छिर्का तथा सङ्केत देखिन्छन् तर ती पात्रका विद्रोही स्वर कुनै आशा, सजगता र प्रतिबद्धताविहीन आवेश र आन्तरिक भावुकता जस्ता छन् । कृष्ण राजाको सङ्गठन र स्वर जहाँ देखियो, त्यही हराएर जानु, इलेन महल भित्रै चुपचाप अत्याचार सहेर बस्नु, हाइनरिख कुटपिट र लछारपछार हुनु प्रतिगामीहरूको विकृतिहरूको अटेसमटेस प्रस्तुत हुनुले उपन्यास प्रगतिवादसम्म पुग्न नसकी आलोचनात्मक यथार्थवादी बनेको छ । उपन्यासमा सर्वसाधारणको प्रत्यक्ष पक्षपोषणभन्दा दूराचारीहरूको उग्रताको दिग्दर्शन हुनु, नायक निम्नवर्गीय नहुनु, हाइनरिख, कृष्णराजाजस्ता पात्रमा प्रशस्त क्रान्तिकारी चेत नहुनु, २०४६ सालको जनआन्दोलनको झलक र त्यसमा चरम सरकारी दमनको झल्को मात्र खिच्नु तर जनताको जोश र साहसको उपेक्षा हुनु, प्रजातन्त्रको पुनर्स्थापनाको सङ्केत नहुनुले सागर उर्लन्छ सगरमाथा छुन उपन्यास प्रगतिवादी भन्ने आधार प्राप्त हुँदैन ।

प्रगतिवादी धारालाई समाजवादी यथार्थवादी धाराका रूपमा चिनाइन्छ । यस दर्शनको मूल आधार मार्क्सको द्वन्द्वात्मक भौतिकवाद हो । समाजवादी यर्थाथवादमा ह्रासोन्मुख शक्ति, प्रतिगामी तत्वहरूको पराजय र बुर्जुवा संस्कृतिको पतन देखाएर तिनीहरूसँग निरन्तर संघर्ष गर्दै समाजवादी व्यवस्थाको लागि संघर्षशील मनुष्य समुदायका विकासोन्मुख प्रवृत्तिहरूलाई प्रमुखता दिइन्छ ।[८५]

प्रमुख असल पात्रहरू दह्रो र क्रान्तिकारी नभएर अन्तर्मुखी भैदिनु, परिवेशमा चित्रणमा केही भ्रम देखापर्नु र भाषामा केही कसर देखा पर्नु, कतिपय पृष्ठमा एउटै कुरा दोहोरिनु (पृ. २६८ र २९६ मा), झन्झटिलो वर्णनात्मक शैलीले उपन्यास बृहत आकारको हुनु यस उपन्यासका कमजोर पक्ष नै हुन् ।

देशको समस्या बनेको, काउछो बनेर जनताको आङमा बिझेको अभिजाती र शासकीय व्यवस्थाको कर्तुतको साङ्गोपाङ्ग खोलेर देखाउन तत्कालीन समयमा पनि हिम्मत गर्नु, (हाइनरिखको डायरीले २०४१ को समय बताउँछ) पात्र चयनमा नवीनता अपनाउनु, सुस्वाद्य, कवितात्मक, सूक्तिमय तथा आलङ्कारिक भाषा प्रयोगले उपन्यास मार्मिक, आकर्षक, रोचक एवम् घोचक बन्नु यसका सबल पक्ष हुन् ।

अतः सागर उर्लन्छ सगरमाथा छुन उपन्यास पञ्चायती भ्रष्ट व्यवस्था त्यसका भरौटेहरू र अभिजातीहरूका राष्ट्रघाती अवैध दृष्कृत्यहरूको विद्वेषपूर्ण विरोधात्मक एवं आलोचनात्मक ढङ्गले  उजिल्याउने सशक्त आलोचनात्मक यर्थाथवादी उपन्यास हो ।

---

[८५] कृष्ण हरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. १५५ ।

# सन्दर्भग्रन्थसूची

## पुस्तक सन्दर्भसूची

एटम, नेत्र, समालोचनाको स्वरूप, काठमाडौंः साझा प्रकाशन, २०६२ ।

गौतम, कृष्ण, आधुनिक आलोचनाः अनेक रुप अनेक पठन, काठमाडौंः साझा प्रकाशन, २०५० ।

गौतम, लक्ष्मण प्रसाद, सान्दर्भिक समालोचना, काठमाडौंः भुँडीपुराण प्रकाशन, २०५७ ।

प्रधान, कृष्णचन्द्र सिंह, नेपाली उपन्यास र उपन्यासकार, चौ.सं., काठमाडौंः साझा प्रकाशन, २०६१ ।

बराल, ऋषिराज, उपन्यासको सौन्दर्यशास्त्र, काठमाडौंः साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दो.सं., काठमाडौं साझा प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, नेपाली साहित्यको संक्षिप्त इतिहास, पाँचौ सं. काठमाडौंः साझा प्रकाशन, २०५६ ।

विकल, रमेश, सागर उर्लन्छ सगरमाथा छुन, काठमाडौंः साझा प्रकाशन, २०५२ ।

सुवेदी राजेन्द्र, नेपाली उपन्यास परम्परा र प्रवृत्ति, वाराणसीः भूमिका प्रकाशन, २०५३ ।

श्रेष्ठ, दयाराम, नेपाली कथा भाग-४ (सम्पा. दो.सं.) काठमाडौंः साझा प्रकाशन, २०६० ।

## शोधसन्दर्भ सूची


आचार्य, दिनामणि, अनिँदो पहाडासँगै उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र भरतपुरः वीरेन्द्र बहुमुखी क्याम्पस, २०५८ ।

खत्री, कमलबहादुर, एक चिहान उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०५८ ।

तिमल्सिना, मोहनप्रसाद, रमेश विकलको जीवनी, व्यक्तित्वको विवेचना, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०३६ ।

भट्टराई, रामप्रसाद, उपन्यासकार रमेश विकल उनका उपन्यास, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौंः नेपाली केन्द्रीय विभाग, २०४९ ।

वाग्ले, इश्वरचन्द्र, रमेश विकलका कथामा यथार्थ, अप्रकाशित विद्यावारिधि शोधपत्र, काठमाडौंः २०६० ।